# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक १८४ | काठमाडौं | मंगलबार, १८ कात्तिक २०८२ | Prabhab National Daily | Tuesday, 04 November 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


डेडिकेटेड–ट्रंक लाइन महसुल विवाद

# उद्योगीले तिर्न थाले विद्युत्‌को बक्यौता

- भदौ ३० गते ऊर्जा मन्त्रालयको पदभार ग्रहण गर्नसाथ मन्त्री कुलमान घिसिङले डेडिकेटेड र ट्रंकलाइनको बक्यौता रकम असुल्ने निर्णय गरेका थिए
- 'राइट मेन, राइट प्लेस' नीति लिएका मन्त्री घिसिङले आफ्नो निर्णय कार्यान्वयन गर्न असोज ५ गते प्राधिकरणको कार्यकारी निर्देशकबाट हितेन्द्रदेव शाक्यलाई हटाएर सिलवाललाई उक्त पदमा नियुक्त गरेका थिए
- सरकार र प्राधिकरणले कडा नीति लिएसँगै आन्दोलनमा आएका उद्योगीलेसमेत तिर्न थाले बक्यौता

■ प्रभाव संवाददाता

**काठमाडौं–** डेडिकेटेड फिडर तथा ट्रंक लाइन सेवा लिएर विद्युत् महसुल बक्यौता नतिर्ने उद्योगहरूप्रति विद्युत् प्राधिकरणले कडा नीति लिएसँगै उद्योगीहरूले किस्ता तिर्न सुरु गरेका छन् । यस्ता सेवा प्रयोग गरी अटेर गर्दै आएकामध्ये चार उद्योगले सोमबार विद्युत् महसुल बक्यौताको पहिलो किस्ता बुझाएका हुन् ।

यसरी किस्ता बुझाउनेमा रूपन्देहीको भैरहवा क्षेत्रमा सञ्चालित पञ्चकन्या प्लास्टिक उद्योग, पञ्चकन्या स्टिल इण्डस्ट्रिज, सिद्धार्थ पेट प्लान्ट र श्याम प्लास्टिक रहेका छन् । पहिलो किस्ता तिरेपछि काटिएको विद्युत्‌समेत जडान गरिएको प्राधिकरणका कार्यकारी निर्देशक मनोज सिलवालले बताए ।

उद्योगहरूले २०७२ माघदेखि २०७५ वैशाखसम्ममा डेडिकेटेड तथा ट्रंकलाइन प्रयोगबापतको प्रिमियम महसुलको पहिलो किस्ता बुझाएका हुन् । पञ्चकन्या प्लास्टिकको २४ लाख ६३ हजार, पञ्चकन्या स्टिलको ५२ लाख १९ हजार, सिद्धार्थ पेट प्लान्टको एक करोड ८३ लाख र श्याम प्लास्टिकको ४९ लाख १० हजार रूपैयाँ बक्यौता रहेको छ । बक्यौतालाई २८ किस्तामा विभाजन गरी उद्योगहरूले पहिलो किस्ता सोमबार तिरेका हुन् ।

भदौ ३० गते ऊर्जा मन्त्रालयको पदभार ग्रहण गर्नसाथ मन्त्री कुलमान घिसिङले डेडिकेटेड र ट्रंकलाइनको बक्यौता रकम असुल्ने निर्णय गरेका थिए । 'राइट मेन, राइट प्लेस' नीति लिएका मन्त्री घिसिङले आफ्नो निर्णय कार्यान्वयन गर्न असोज ५ गते प्राधिकरणको कार्यकारी निर्देशकबाट हितेन्द्रदेव शाक्यलाई हटाएर सिलवाललाई उक्त पदमा नियुक्त गरेका थिए । लगत्तै असोज १२ गते प्राधिकरणले डेडिकेटेड फिडर तथा ट्रंक लाइनबाट विद्युत् सप्लाइ लिएका उपभोक्तालाई २१ दिनभित्र बक्यौता विद्युत् महसुल बुझाउन सूचना जारी गरेको थियो । असोज १० गते बसेको प्राधिकरण सञ्चालक समितिको बैठकले बक्यौता विद्युत् महसुल कात्तिक २ गतेभित्र भुक्तानी गर्नुपर्ने निर्णय गरेको थियो ।

सोही समयमा मासिक किस्ताबन्दीमा रकम भुक्तानी गर्न इच्छुक उपभोक्ताहरूलाई बढीमा २८ महिनाको किस्ताबन्दीको सुविधा उपलब्ध गराइने सर्त राखिएको थियो ।

क्रमशः पृष्ठ २ मा

## प्रधानमन्त्रीसँगको छलफलमा मध्यमार्गी प्रस्ताव




**काठमाडौं (प्रस)–** लामो समयदेखि सुल्झिन नसकेको डेडिकेटेड फिडर र ट्रंकलाइनको विद्युत् महसुल बक्यौता विवाद सुल्झाउनका लागि मध्यमार्गी प्रस्ताव आएको नेपाल उद्योग वाणिज्य महासंघले जानकारी दिएको छ ।

उक्त विवादबारे सोमार प्रधानमन्त्री सुशीला कार्कीले अर्थमन्त्री रामेश्वर खनाल, ऊर्जामन्त्री कुलमान घिसिङ, उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री अनिल सिन्हा, मुख्यसचिव एकनारायण अर्याल, विभिन्न मन्त्रालयका सचिवहरू र नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालसँग छलफल गरेकी थिइन् ।

क्रमशः पृष्ठ २ मा

# बहसमा प्रत्यक्ष निर्वाचित कार्यकारी

## अस्थिरता र अव्यवस्था हटाउने तर्क

■ जेबी योञ्जन



- संसद्‌बाट निर्वाचित कार्यकारीको विकल्प खोजिँदै
- अस्थिरता र अव्यवस्थाको मूल कारण संसद्‌बाट निर्वाचित कार्यकारी प्रणाली भएको जिकिर
- प्रत्यक्ष निर्वाचित कार्यकारी जनताप्रति बफादार हुने तर्क
- जेन–जी विद्रोहपछि चर्कियो प्रत्यक्ष कार्यकारीको माग

**काठमाडौं–** संसद्‌बाट निर्वाचित कार्यकारी प्रणालीले सत्ता राजनीतिमा अस्थिरता निम्त्याएको भन्दै त्यसको विकल्पबारे घनिभूत बहस भइरहेको छ । संविधान निर्माण गर्ने बेलामा जसरी जेन–जी विद्रोहपछि परिवर्तित राजनीतिक सन्दर्भमा कार्यकारी प्रणालीबारेको बहसले राजनीतिक वृत्त पूरै गर्माएको छ ।

जेन–जीका एक जना अगुवा मिराज ढुंगानाले त प्रत्यक्ष निर्वाचित कार्यकारीको चुनाव हुने निश्चित नभए आगामी प्रतिनिधिसभा चुनावमा सहभागी नहुने प्रस्ट पारिसकेका छन् । उनको यो प्रत्यक्ष निर्वाचित कार्यकारी प्रणालीमा जान राजनीतिक दलहरूमाथि दबाब बढाउने रणनीति भएको भन्ठान्नेहरू पनि छन् ।

गत २३ र २४ भदौमा भएको विद्रोहपछि जेन–जीहरूले संसद्‌बाट नभई जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारीको एजेण्डालाई मुखर बनाए । देशमा सत्ता राजनीतिको स्थिरता खातिर प्रत्यक्ष निर्वाचित कार्यकारी उपयुक्त हुने उनीहरूको तर्क छ । अहिलेको जस्तो अव्यवस्था हटाउने अचुक प्रणाली पनि प्रत्यक्ष निर्वाचित कार्यकारी हुने जिकिर गर्दै आएका छन् ।

जेन–जी अगुवामध्येका एक अमित खनालले संसद्‌बाट निर्वाचित कार्यकारी प्रणालीबाट देश परिणामविहीन भएको दाबी गरे । उनले प्रभावसँग भने, 'नयाँ पुस्ताले यसलाई आशाको सन्दर्भमा हेरिरहेको छ किनकि अहिलेसम्मको प्रणालीबाट केही परिणाम आएन । यो ठीक छैन भने वैकल्पिक बाटो त खोज्नुपर्‍यो नि ! अहिलेका लागि प्रत्यक्ष कार्यकारी प्रणालीलाई स्थापित गरेर स्थायित्व दिऊँ ।'

संविधान निर्माणको बेला नेकपा माओवादी केन्द्रले प्रत्यक्ष निर्वाचित कार्यकारीको एजेण्डा सर्वाधिक उठाएको थियो । हरेक चुनावमा सार्वजनिक घोषणापत्र होस् वा पार्टी कमिटीको बैठकहरूमा प्रस्तुत गरिने राजनीतिक प्रतिवेदनमा प्रत्यक्ष निर्वाचित कार्यकारीको पक्षमा माओवादीले आफूलाई उभ्याउँथ्यो । प्रधानमन्त्री नभई राष्ट्रपति प्रत्यक्ष निर्वाचित कार्यकारी हुनुपर्ने मत राख्थ्यो । तर, कांग्रेस र एमालेले स्वीकारेनन् । तिनै दुई दल दोस्रो संविधानसभामा शक्तिशाली छँदा संसद्‌बाट निर्वाचित कार्यकारीको व्यवस्था गरेको संविधान जारी भयो । यसबीचमा सत्ता र शक्तिमा कहिल्यै स्थिरता भएन ।

यतिबेला जेन–जी विद्रोहीपछि प्रत्यक्ष निर्वाचित कार्यकारीको मुद्दा जोडतोडले उठेको छ । यस मामिलामा अग्रमोर्चामा उभ्याउँदै आएका माओवादी नेता खिमलाल देवकोटा यो राम्रो मौका भएको बताउँछन् । उनले भने, 'नेपालमा संसदीय प्रणालीमा दुईतिहाइको सरकार बन्यो । त्यो पनि असफल भयो । बहुमतको सरकार पनि बन्यो, त्यो पनि अस्थिर रह्यो । अल्पमतको सरकार बन्यो, त्यो पनि अस्थिर भयो । त्यसैले अब संसदीय प्रणाली होइन, प्रत्यक्ष निर्वाचित कार्यकारी नै विकल्प हो ।'

क्रमशः पृष्ठ २ मा



नयाँ पुस्ताले यसलाई आशाको सन्दर्भमा हेरिरहेको छ किनकि अहिलेसम्मको प्रणालीबाट केही परिणाम आएन । यो ठीक छैन भने वैकल्पिक बाटो त खोज्नुपर्‍यो नि । अहिलेका लागि प्रत्यक्ष कार्यकारी प्रणालीलाई स्थापित गरेर स्थायित्व दिऊँ ।

■ **अमित खनाल**
जेन–जी अगुवा



नेपालमा संसदीय प्रणालीमा दुईतिहाइको सरकार बन्यो । त्यो पनि असफल भयो । बहुमतको सरकार पनि बन्यो, त्यो पनि अस्थिर रह्यो । अल्पमतको सरकार बन्यो, त्यो पनि अस्थिर भयो । त्यसैले अब संसदीय प्रणाली होइन, प्रत्यक्ष निर्वाचित कार्यकारी नै विकल्प हो ।

■ **खिमलाल देवकोटा**
नेता, माओवादी केन्द्र




हाम्रो जुन भौगोलिक र जनसांख्यिक स्थिति छ, त्यसमा एउटा बहुमत प्राप्त व्यक्तिले सम्पूर्ण अधिकार प्राप्त गर्ने, जो अल्पमतमा रहेका छन् । उसको केही हुँदैन । त्यसो हुँदा हाम्रो जुन बनावट छ, प्रत्यक्ष निर्वाचित कार्यकारीमा जान अनुमति दिँदैन ।

■ **निलाम्बर आचार्य**
राजनीतिज्ञ

**सन्दर्भः वैदेशिक रोजगार**

## मलेसिया 'सिण्डिकेट' विरुद्ध प्रगतिशील मञ्च

# न्यायोचित समाधान नभए आन्दोलनमा जाने घोषणा



वैदेशिक रोजगार व्यवसाय गर्न सरकारले धरौटी राखेर इजाजत दिएपछि सबै संस्था उत्तिकै क्वालिफाइड हुन्, सबैले काम गर्न पाउनुपर्छ । हामीलाई कुनै पनि देशका कुनै खालको सिण्डिकेट मान्य हुँदैन ।

■ **जनक रावल**
अध्यक्ष, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च



मलेसिया सरकारलाई कामदार चाहिएको हो या हाम्रो एजेन्सीको १० हजार स्क्वायर फिटको भवन र तीन हजार मान्छे पठाएको योग्यता ? यो मलेसियाको सरोकारको विषय होइन । यस्ता मापदण्ड पुगेका एजेन्सी कति छन् ? पहिला नै तय गरेर लागू गर्न खोजिएको हो ?

■ **राजेन्द्र भण्डारी**
निवर्तमान अध्यक्ष
नेपाल वैदेशिक रोजगार व्यवसायी संघ

■ ममता थापा

**काठमाडौं–** प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले मलेसिया 'सिण्डिकेट'को न्यायोचित समाधान नभए चरणबद्ध आन्दोलनमा जाने घोषणा गरेको छ । सोमबार पत्रकार सम्मेलन गर्दै मञ्चले यस विषयमा नेपालको संविधान, श्रम ऐन र अन्तर्राष्ट्रिय मापदण्डलाई ख्याल गर्दै निर्णय गर्न सरकारलाई अनुरोध गरेको हो ।

मञ्चले हाल श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय नेतृत्वविहीन रहेको र मलेसियास्थित नेपाली राजदूतलाई समेत फिर्ता बोलाएको अवस्थामा सरकारका नयाँ प्रतिनिधिलाई भ्रममा पारेर एकाधिकार (सिण्डिकेट) ल्याउने कसरत भएको दाबी गरेको छ । यदि एकाधिकार ल्याएको अवस्थामा छानिएका व्यवसायीले मलेसियाको बेस्टिनेट कम्पनीलाई प्रत्येक कामदारबाट चार हजार ५०० मलेसियन मुद्रा तिर्नुपर्ने जानकारी आएकाले यसको असर उल्टै श्रमिक र व्यवसायीलाई पर्ने जनाएको छ । अर्बौं चलखेल गर्ने उद्देश्यले १० बुँदे मापदण्ड ल्याउन खोजिएको भन्दै व्यवसायीहरूले आक्रोश पोखेका छन् ।

पत्रकार सम्मेलनमा मञ्चका अध्यक्ष जनक रावलले जेन–जी सरकार आएपछि सिण्डिकेटधारीहरू सल्बलाएको बताए । सरकारले इजाजतपत्र दिएपछि हरेक संस्था काम गर्न उत्तिकै योग्य भएको रावलको भनाइ थियो । 'वैदेशिक रोजगार व्यवसाय गर्न सरकारले धरौटी राखेर इजाजत दिएपछि सबै संस्था उत्तिकै क्वालिफाइड हुन्, सबैले काम गर्न पाउनुपर्छ,'




रावलले भने, 'हामीलाई कुनै पनि देशका कुनै खालको सिण्डिकेट मान्य हुँदैन ।'

हालसम्म मलेसियामा करिब २० लाख नेपालीले रोजगारीको अवसर पाएको अनुमान छ । नेपाल वैदेशिक रोजगार व्यवसायी संघका निवर्तमान अध्यक्ष राजेन्द्र भण्डारीले मलेसियाको विकासमा नेपाली श्रमिकले पुर्‍याएको योगदानलाई उसले बेवास्ता गरेको बताए । मलेसियाले कूटनीतिक मर्यादाको ख्याल नगरी मापदण्डहरू तय गरेको उनको आरोप छ । उनले मलेसियालाई कामदार चाहिएको हो या अन्य विषय भन्दै प्रश्नसमेत गरे ।

'मलेसिया सरकारलाई कामदार चाहिएको हो या हाम्रो एजेन्सीको १० हजार स्क्वायर फिटको भवन र तीन हजार मान्छे पठाएको योग्यता ? यो मलेसियाको सरोकारको विषय होइन,' उनले भने, 'यस्ता मापदण्ड पुगेका एजेन्सी कति छन् ? पहिला नै तय गरेर लागू गर्न खोजिएको हो ?' यो मान्य छैन भनेर सरकारले तुरुन्तै फर्काउनुपर्नेमा लागू गराउने खोजेजस्तो देखिएको भन्दै भण्डारीले व्यवसायीहरूलाई सतर्क गराए ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका प्रथम उपाध्यक्ष सुजितकुमार श्रेष्ठले हालको सरकार भ्रष्टाचारविरोधी सरकार भएकाले सिण्डिकेटमार्फत देखापर्न खोजेको भ्रष्टाचारलाई स्वीकार नगर्ने विश्वास व्यक्त गरे । कसैले पैसा, क्षेत्रफल र पहुँचको बलमा सिण्डिकेट लाउन खोजे उनीहरू बाँकी नरहने चेतावनी श्रेष्ठले दिए ।

क्रमशः पृष्ठ २ मा

## संघको व्यवसायी भेला आज २ बजे

**काठमाडौं (प्रस)–** नेपाल वैदेशिक रोजगारी व्यवसायी संघ मलेसिया रोजगारीमा लागू गर्न खोजिएको सिण्डिकेट (एकाधिकार) विरुद्ध खबरदारी गर्न आज (मंगलबार) व्यवसायी भेला आह्वान गरेको छ । संघका महासचिव महेशकुमार बस्नेतले दिउँसो २ बजे बत्तीसपुतलीस्थित अनुपम फुडल्याण्डमा खबरदारी तथा व्यवसायी भेला आह्वान गरिएको बताए । यसैगरी सिण्डिकेटको विरुद्ध प्रतिबद्धतापत्र पठाउन बाँकी व्यवसायीहरूलाई आज २ बजेसम्मको समय दिएको पनि उनले जानकारी दिए । सोमबारसम्म संघमा ८०० भन्दा बढी व्यवसायीको प्रतिबद्धतापत्र प्राप्त भएको र बाँकी रहेकालाई थप समय दिइएको उनको भनाइ छ ।

आइतबारदेखि प्रतिबद्धता संकलन थालेको संघले सोमबार दिउँसो २ बजेसम्मको सीमा तोकेको थियो । तर २०० भन्दा बढी व्यवसायीको प्रतिबद्धता नआएकोले आजसम्म अन्तिम अवसर दिइएको महासचिव बस्नेतले बताए । आजसम्म पनि प्रतिबद्धता नपठाए ती व्यवसायीलाई सिण्डिकेटको पक्षधर मानेर सार्वजनिक गर्ने चेतावनीसमेत उनले दिएका छन् । संघमा एक हजार ६२ व्यवसायी आबद्ध रहेका छन् ।

## पृष्ठ १ बाट क्रमशः

### बहसमा...

तर, प्रत्यक्ष निर्वाचित कार्यकारीचाहिँ प्रधानमन्त्री कि राष्ट्रपति ? यसमा जेन-जी विद्रोहीहरूबाट ठोस प्रस्ताव आएको छैन । माओवादी भने राष्ट्रपति हुनुपर्ने पक्षमा छ ।

हाल कार्यान्वयनमा रहेको संसद्बाट निर्वाचित कार्यकारीलाई 'अल इन वान' भन्ने गरिन्छ । त्यस्तो कार्यकारी बहुमत जोगाउन सांसद किनबेचजस्ता फोहोरी राजनीतिक खेलमा संलग्न हुने गरेको नेपालकै दृष्टान्त छ ।

यस्तोमा प्रत्यक्ष निर्वाचित कार्यकारी नेपालका लागि हरेक दृष्टिले उपयुक्त हुने जिकिर गर्नेहरू छन् । तर, त्यसरी निर्वाचित शासक निरंकुश हुनसक्ने सम्भावना उत्तिकै हुने राजनीतिक विश्लेषकहरूको संशय छ । देशको विविधतालाई पनि सम्बोधन नगर्ने दाबी गर्दै आएका छन् ।

राजनीतिज्ञ निलाम्बर आचार्य भन्छन्, 'हाम्रो जुन भौगोलिक र जनसांख्यिक स्थिति छ, त्यसमा एउटा बहुमत प्राप्त व्यक्तिले सम्पूर्ण अधिकार प्राप्त गर्ने, जो अल्पमतमा रहेका छन् । उसको केही हुँदैन । त्यसो हुँदा हाम्रो जुन बनावट छ, प्रत्यक्ष निर्वाचित कार्यकारीमा जान अनुमति दिँदैन ।'

उसो त संसदीय प्रणालीबाट पनि आदिवासी जनजाति, मधेसी, मुस्लिम, थारु, दलितलगायत समुदायबाट एक जना प्रधानमन्त्री भएका छन् । खस-आर्य समुदायको एकल वर्चश्व छ । त्यसो हुनाले आचार्यले भनेजस्तो संसदीय प्रणालीलेमात्रै शासनसत्तामा देशको जातीय विविधतालाई सम्बोधन गर्दैनन् भन्ने देखाएको छ ।

तर, प्रत्यक्ष निर्वाचित कार्यकारी प्रणालीमा स्थिरता, पारदर्शिता र समावेशीताको सम्भावना हुनेमा जेन-जी विद्रोहीहरू एकमत छन् । जनताले आफ्नो शासक आफैं चुन्ने प्रणाली जनमैत्री हुने पनि उनीहरूको तर्क छ । तर, प्रियतावादी अगाडि आउन सक्ने जोखिमबारे पनि उनीहरू चिन्तित छन् ।

देशमा २०१५ सालको आमचुनावपछि पहिलोपटक संसद्बाट निर्वाचित कार्यकारी प्रणालीको कार्यान्वयन भएको थियो । हालसम्म त्यही प्रणाली कायम छ । तर, जेन-जी विद्रोहले कार्यकारी प्रमुख प्रत्यक्ष निर्वाचनबाट टुंगो लगाउनुपर्ने माग उठेको हो । तर, नेपाली कांग्रेस र नेकपा एमालेले प्रत्यक्ष निर्वाचित कार्यकारीबारे जेन-जी विद्रोहपछि औपचारिक धारणा सार्वजनिक गरेका छैनन् । कमल थापा नेतृत्वको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) नेपालले भने विरोध गरेको छ ।

■■■

### उद्योगीले...

उल्लिखित समय सीमाभित्र बक्यौता महसुल बुझाउन नआएमा नेपाल विद्युत् प्राधिकरण, विद्युत् महसुल संकलन विनियमावली, २०७८ बमोजिम कारबाही हुने जनाइएको थियो ।

लगत्तै केही कम्पनीहरू समयसीमाभित्रै बक्यौता तिर्न थालेका थिए । बाराको सिमरामा सञ्चालित हुलास स्टिल इण्डस्ट्रिजले प्रिमियम महसुलको बक्यौता रकम कूल १४ करोड १२ लाख पाँच हजार रूपैयाँ बक्यौता रकमलाई प्रतिकिस्ता ५० लाख ४३ हजार रूपैयाँ किस्ता तिरेको हो । यो अवधिमा सिमरामा रहेको हामा आइरन एण्ड स्टिल इण्ड्रस्ट्रिजले पनि किस्ता तिर्न सुरु गऱ्यो । हामाले २० लाख ८९ हजार रूपैयाँ बुझाएको प्राधिकरणले जानकारी दिएको छ ।

यसैगरी, १७ करोड ५८ लाख रूपैयाँ बक्यौता रहेको सिमराकै अर्को अशोक स्टिलले पनि पहिलो किस्ता कात्तिक ३ गते पहिलो किस्ता बुझायो । असोज ३० गते तीन उद्योगले बक्यौता तिर्न सुरु गरेका थिए । प्राधिकरणका अनुसार सम्राट सिमेन्ट, रोल्पा सिमेन्ट र नव नेपाल प्लास्टिक इण्डस्ट्रिजले किस्ता तिर्न सुरु गरेका हुन् ।

सम्राट सिमेन्टको कूल तीन करोड ७७ लाख बक्यौता रकमलाई प्रतिकिस्ता १३ लाख ४९ हजार रूपैयाँ छ । यसैगरी, रोल्पा सिमेन्टको ९९ लाख १२ हजार बक्यौता रकम रहेकोमा प्रतिकिस्ता तीन लाख ५४ हजार रूपैयाँ मासिक किस्ता बुझाउन सुरु गरेको छ । नवनेपाल प्लास्टिक इण्डस्ट्रिजले १२ किस्ताको एक लाख २३ हजार रूपैयाँ तिरेर बक्यौता रकम चुक्ता गरेको छ ।

परासीस्थित लक्ष्मी स्टिलले पनि किस्ताबापत ८४ लाख ९८ हजार रूपैयाँ बुझाएको छ । लक्ष्मी स्टिलको २३ करोड ७९ लाख ३१ हजार रूपैयाँ बक्यौता रहेको छ । सर्वोत्तम सिमेन्टले पनि ४० लाख रूपैयाँ बुझाउँदै किस्तालाई निरन्तरता दिएको छ । सर्वोत्तम सिमेन्टको ११ करोड ९६ लाख ३६ हजार ६४५ रूपैयाँ बक्यौता रहेको छ ।

यता शुभश्री अग्नि सिमेन्टले पहिलो किस्ताबापत तीन लाख ५३ हजार रूपैयाँ तिरेको छ । अग्नि सिमेन्टको ९८ लाख ८१ हजार ७६२ रूपैयाँ बक्यौता छ ।

प्राधिकरणले २०७६ चैत, २०८० मंसिर, २०८१ असार र २०८१ कात्तिकमा बक्यौता उठाउने भन्दै लाइन काटेको थियो । यसअघि लाइन काट्ने समयमा मन्त्री घिसिङ प्राधिकरणका कार्यकारी निर्देशक थिए । उक्त समयमा सरकारको निर्देशनका कारण बक्यौता उठाउने विषयमा बाधा पुग्दै आएको थियो ।

समयसीमा घर्किंदा पनि बक्यौता नतिर्ने १० उद्योगमा प्राधिकरणले कात्तिक ७ गते साँझदेखि विद्युत् लाइन काटिदिएको थियो । प्राधिकरणले पञ्चकन्या स्टिल, पञ्चकन्या प्लास्टिक, एभरेस्ट रोलिङ, एसआर स्टिल, एसआर फुड, झलबारी स्वचालित चामल कारखाना, घराना फुड्स्, गोयनका फुड्स, सिद्धार्थ पेट प्लान्ट र श्याम प्लास्टिक उद्योगको लाइन काटेको थियो । जेन-जी आन्दोलनका कारण उद्योग संकटमा परेको बेला सरकारले अन्याय गरेको भन्दै उद्योगीहरू आन्दोलितसमेत भएका थिए ।

असोज २६ उद्योगीले प्रधानमन्त्री कार्कीलाई संयुक्त निवेदन दिँदै प्राधिकरणको निर्णय अन्यायपूर्ण भएको तर्क गर्दै उद्योगीको लाइन काटिए देश गम्भीर संकटमा फस्ने चेतावनी दिएका थिए । 'सुशासन र कानुनको शासनको वाचा गरिएको वर्तमान सरकारले प्रमाणका आधारमा मात्र न्यायोचित निर्णय गरोस्, अन्यथा उद्योगहरूमा गम्भीर आर्थिक र रोजगारी संकट आउने छ,' निवेदन बुझाउँदै उनीहरूले भनेका थिए । तर सरकारले उद्योगीसँग नझुक्ने रणनीति लिएपछि बक्यौता महासुल धमाधम उठ्न थालेको हो ।

■■■

### प्रधानमन्त्रीसँगको...

छलफलका क्रममा डेडिकेटेड र ट्रंकलाइन विवाद समाधानको मध्यमार्गी प्रस्ताव आएको महासंघले जानकारी दिएको छ । उद्योगीहरूले नेपाल विद्युत् प्राधिकरणले यसअघि महसुल बक्यौता बुझाउनेगरी दिएको सुविधा २८ किस्ताको एक किस्ता बराबरको रकमलाई किस्ताका रूपमा नभई विवादित रकम मानी धरौटीका रूपमा बुझाएपछि काटिएको विद्युत्को लाइन जोड्नेगरी मध्यमार्गी प्रस्ताव आएको महासंघले प्रेस विज्ञप्तिमार्फत जानकारी दिएको हो ।

विज्ञप्तिअनुसार उक्त धरौटी रकम बुझाएपछि उद्योगीहरू पुनरवलोकनमा जाने र सँगै अन्य कानुनी उपचार पनि खोज्न सक्ने छन् ।

त्यस्तै, सम्बन्धित उद्योगीले प्राधिकरणमा धरौटी बुझाउँदा नै सोही निवेदनमा आफ्नो असहमतिसमेत राखी पुनरवलोकन एवं अन्य व्यहोरा उल्लेख गरी पेस गर्न सक्ने छन् । अहिले करिब दुई दर्जन उद्योगको डेडिकेटेड र ट्रंकलाइन प्रयोग गरेबापतको प्रिमियम रकम नबुझाएको भन्दै प्राधिकरणले विद्युत् लाइन काटेको महासंघले उल्लेख गरेको छ ।

■■■

### न्यायोचित...

सिण्डिकेटधारीलाई परास्त गर्ने यो उपयुक्त समय भएकाले सबै व्यवसायीलाई प्रतिबद्धता पठाउन आग्रहसमेत गरे । 'हाम्रो व्यवसायमा गिद्धेनजर लगाउनेलाई ठेगान लगाइने छ । छुटेका व्यवसायीहरू कृपया आफ्नो प्रतिबद्धता पठाउनुहोस् । ताकि सरकारसँग हामीले छलफल गर्दा सबै व्यवसायी सिण्डिकेटको विरुद्धमा छन् भन्न सक्छौं,' श्रेष्ठले आह्वान गरे ।

मञ्चका वरिष्ठ उपाध्यक्ष डिकबहादुर (कुमार) खत्रीले मलेसियाका निश्चित नीति निर्मातालाई प्रभावमा पारेर नेपालमा सिण्डिकेट ल्याउन गरिएको यो चौथो प्रयास भएको बताए । अहिलेको १० बुँदे मापदण्ड देखाउने दाँत भएको र पैसा दिएपछि मापदण्डभित्र परिने उनको भनाइ छ । मलेसियाको हेपाहा प्रवृत्तिविरुद्ध राज्य बोल्न नसकेको भन्दै उनले सरकारसँग आक्रोश पोखे ।

'नेपाल र विश्वको श्रम ऐनले के भन्छ भन्ने अध्ययन नगरी हेपाहा प्रवृत्तिले केही व्यक्तिलाई प्रभावमा पारेर पठाएको पत्रका सम्बन्धमा राज्यले बुझाउनुपर्ने होइन ?,' खत्रीले भने, 'मन्त्रालयले यस विषयमा संघको राय माग्न पत्र पठायो । के राय हुन्छ यसमा ? हामी त विगतदेखि नै प्रस्ट छौं ।'

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका पूर्वअध्यक्ष कुमुद खनालले नेपाली दूतावासले उक्त पत्र बुझ्नु र श्रम मन्त्रालयले रायका लागि संघमा पत्र पठाउनुजस्ता गतिविधि सशंकित बनाउनेखालका भएको बताए । तत्कालीन मन्त्रीले आफ्नो दुईवटा मेडिकल पार्ने सर्तमा मलेसिया सिण्डिकेट लागू गरे पनि मन्त्री पद गएपछि मेडिकल नै नपरेको भन्दै सिण्डिकेटधारीको कसैको ललाइफकाइमा नलाग्न उनले व्यवसायीलाई आग्रहसमेत गरे ।

पत्रकार सम्मेलनमार्फत मञ्चले यदि यस विषयको समाधान नखोजिए सरोकारवाला निकायसँग पत्राचार र छलफलमा जाने, वैदेशिक रोजगार विभागमा शान्तिपूर्ण धर्ना दिने र व्यावसायिक भेला बोलाएर त्यसको जनादेशअनुसार अघि बढ्ने जानकारी दिएको छ ।

## मोटरसाईकल हरायो

मिति २०८२/७/२ गते अर्गानिक फार्म हाउस, कपन, आकाशेधारा, काठमाडौं बाट **PULSAR NS200** को सेतो रंगको मोटरसाईकल साँझ ७:३० बजेको समयमा हराएको हुनाले पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न सम्पर्क नम्बरमा खबर गरिदिनुहोला ।

**सवारीधनी: अनमोल गौतम**
**मोटरसाईकल नं.** बा.प्र.०२-०५८ प ९९१२
**Engine No.:** JLXCSM97640
**Chasis No.:** MD2A36FX0SCA90171
**सम्पर्क नं.:** 9746491865

## कर्मचारी हटाईएको सम्बन्धी सूचना

यस **Richhood Overseas Inc. Pvt. Ltd.** (ई.प.नं. ५३९/०६१/०६२) मा कार्यरत **आशिस दमाई** (**ना.प्र.प्र.नं: १९४३**) लाई आजको मितिबाट यस प्रा.लि. बाट हटाइएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

Govt. License 539/061/062
Richhood Overseas Inc. Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4382899, 4982899 Phone No: 9851191208, 9845473766, Email: richhood@wlink.com.np Website: www.richhoodoverseas.com


## मलेसियामा रोजगार
कम्पनी : MUAZ FORCE SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०७/१७ LT. No. 333179 चलानी नं. ६०२४६८०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 10 | 0 | 1700 | ५७,६५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक २५ गते (11th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु.२५९६/- कामदारले तिर्ने | नि:शुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ABC PLACEMENTS PVT. LTD
LIC 537/061/62
Gaushala-9, Kathmandu, Nepal, Tel : 977-1-4582340,
Email : infoabcplacement@gmail.com, info@abcplacement.com, Website: www.abcplacement.com



## ओमनमा रोजगार
कम्पनी : AL ARKAN FUNDAMENTAL

पूर्व स्वीकृति मिति : २०८२/०४/०७ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/१७ LT. No. 327649 चलानी नं. ६०२४१४९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Concrete Mason | 1 | 0 | 140 | ५१,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason General | 1 | 0 | 140 | ५१,९०० | | | | | | | |
| 3 | Construction Carpenter | 1 | 0 | 140 | ५१,९०० | | | | | | | |
| 4 | Decoration Painter | 1 | 0 | 140 | ५१,९०० | | | | | | | |
| 5 | Building Painters | 1 | 0 | 140 | ५१,९०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक २५ गते (11th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com


# Jagadulla Rural Municipality
## Office Of Rural Municipal Executive
### Karnali Province
### Jagadulla, Dolpa

## Letter of Intent

**Date of Publication: 2082/07/18 (4th Nov 2025)**

This is notify (as per section 27(2) of Public Procurement Act 2063) to all concerned bidders that ,we are going to award following contracts as per, IFB No: 2-2081/82 published on Madhyanha National Daily published on 2082/06/10, to following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

| S.N | Contract ID No. | Name Of Project | Substantially Responsive Lowest Evaluated Bidders | Bid Amount With VAT |
|---|---|---|---|---|
| 1 | JRM/NCB/Goods-1/2082-83 | Dalit Residential Hostel Manaagement Work 2082/83 | M/s K and D Construction / K and D Suppliers, Dolpa | 41,16,206.25 |
| 2 | JRM/NCB/Goods-2/2082-83 | Tripura Ma.Vi Girls Residential Hostel Manaagement Work 2082/83 | M/s K and D Construction / K and D Suppliers, Dolpa | 41,83,638.32 |

**Acting Chief Officer**


## कतारमा रोजगार
कम्पनी : HHTHE FATHER EMIR PRIVATE OFFICE.

पूर्व स्वीकृति मिति : २०८२/०७/१७ LT. No. 333058 चलानी नं. ६०२४६७७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 20 | 0 | 1300 | ५०,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक २५ गते (11th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ९५४/०६७/६८
VARSHA MANPOWER PVT. LTD.
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## कतारमा रोजगार
कम्पनी : ROYAL ABJER TRADING AND CONTRACTING CO.

पूर्व स्वीकृति मिति : २०८२/०७/१७ LT. No. 333124 चलानी नं. ६०२४६७५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 40 | 0 | 1000 | ३८,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: PIT TRAINING CENTER (पिआइटी ट्रेनिङ सेन्टर) जनकपुरधाममा मिति: २०८२ कात्तिक २५ गते (11th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १३०२/०७४/०७५
Lucky Human Resource Pvt.Ltd.
Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np



## कुवेतमा रोजगार
कम्पनी : ABRAR UNIVERSAL GROUP MEAT & FOOD TRADING

पूर्व स्वीकृति मिति : २०८१/०३/२१ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/१७ LT. No. 306933 चलानी नं. ६०२२१९२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUTCHER | 10 | 0 | 125 | ५८,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | INDOOR LABOUR | 2 | 7 | 110 | ५१,०४५ | | | | | | | |
| 3 | LIGHT DRIVERS | 1 | 0 | 140 | ६४,९७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक २५ गते (11th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1657/080/81
AL ZAHRA HUMAN RESOURCES CONSULTANCY PRIVATE LIMITED
New Baneshwor-10, Thapagaun, Kathmandu, Landline No : 01-4586367, 4586366,
Mob: 9810003423/970-4414954, E-mail : alzahranepal@gmail.com, URL : www.alzahrahr.com



## साउदीमा रोजगार
कम्पनी : BRANCH OF BANDAR AND SALEH ABDULAZIZ AL OMRAN TRADING AND CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०७/१६ LT. No. 333076 चलानी नं. ६०२४६७३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loader | 2 | 0 | 1000 | ३७,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक २५ गते (11th Nov. 2025) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Elite Gurkhas Overseas Pvt. Ltd. श्रम इजाजत नं.५३५/०६१/०६२
Gongabu Town Planning-26 Kathmandu, Nepal, Tel.: +977-1- 4975567, 4975568, E-mail: proelitegurkhas@gmail.com, Web: www.elitegurkhasoverseas.com


## करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

*सूचना प्रकाशित मिति: २०८२/०७/१८ गते*

यस आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, ललितपुरको रिक्त पदमा लोक सेवा आयोगबाट सिफारिस भई आएमा वा स्थायी कर्मचारी खटिई आएमा वा अन्य व्यवस्था भएमा स्वतः नरहने गरी देहाय बमोजिमका जनशक्ति करार सेवामा लिनुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरूले दरखास्त फारम भरी पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या | सेवा/समूह/उपसमूह | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| १. | १/०८२/८३ | आयुर्वेद चिकित्सक | ८ | १ | स्वास्थ्य/आयुर्वेद/जनरल आयुर्वेद | मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद चिकित्सामा स्नातक तह उत्तिर्ण गरी सम्बन्धित परिषद्मा दर्ता भएको |

दरखास्त फारम कार्यालयको वेबसाइट ahlalitpur.bagamati.gov.np बाट download गर्न सकिनेछ । परिक्षाको **किसिम** : अन्तर्वार्ता दरखास्त दिने । **अन्तिम मिति** : २०८२/०८/०२ र सो दिन सार्वजनिक विदा परेमा सो पश्चात् कार्यालय खुल्ने दिन कार्यालय समयसम्म रहनेछ । **उम्मेदवारको उमेर** : २१ वर्ष उमेर पूरा भई ४५ वर्ष ननाघेको दरखास्त दिने **स्थान** : आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, ताल्छिखेल, ललितपुर । **पेश गर्नुपर्ने कागजात** : व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणपत्र, तालिम-अनुभवको प्रमाणपत्र, प्रचलित कानून बमोजिम काउन्सिलमा दर्ता भएको प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाण पत्र । सम्पूर्ण प्रतिलिपिको पछाडि उम्मेदवार स्वयम्ले प्रमाणित गर्नु पर्नेछ । **आवेदन दस्तुर** : आठौं तहको लागि रु.१२००/- राष्ट्रिय वाणिज्य बैंकमा राजश्व शीर्षक नं.१४२२४ (परीक्षा दस्तुर), कार्यालय कोड नं.३७००१३४१५३ मा जम्मा गरी सक्कल भौचर पेश गर्नु पर्नेछ । **उमेदवारलाई विशेष सूचना** : कार्य विवरण, सेवाका शर्तहरू तथा पारिश्रमिक नियमानुसार हुनेछ । **दरखास्त यस कार्यालयको इमेल ठेगाना** : p3mosd.dahclalitpur@gmail.com वा ahlalitpur@bagamati.gov.np मार्फत समेत बुझाउन सकिनेछ । दरखास्त बुझाउँदा खुलाएका विवरण तथा पेश गरेका कागजात रुजु भएपछि सम्बन्धित पदका लागि योग्य ठहरिएका उम्मेदवारलाई मात्र अन्तर्वार्तामा सम्मलित गराइनेछ । आफूले दरखास्त दिने क्रममा खुलाएका विवरणहरूको सक्कल कागजात अन्तर्वार्ता दिन आउँदा साथमा लिई आउनु पर्नेछ । थप जानकारी यस कार्यालयको website ahlalitpur.bagamati.gov.np मार्फत प्राप्त गर्न सक्नु हुनेछ ।

बागमती प्रदेश सरकार
**स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय**
**आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, ललितपुर**

राजदूत फिर्ता प्रकरण

# सर्वोच्चको आदेश सरकारबाटै अवज्ञा

- ११ जना राजदूत फिर्ता बोलाउने निर्णय कार्यान्वयन नगर्नू भन्ने सर्वोच्चको आदेश कुल्चिँदै सरकार
- नैतिक र राजनीतिकरूपमा काम गर्न वातावरण असहज हुने भन्दै पुनः बोलाइयो फिर्ता

■ प्रभाव संवाददाता

**काठमाडौं–** सर्वोच्च अदालतको अल्पकालीन आदेशलाई सरकारले अवज्ञा गरेको छ । अदालतले विभिन्न ११ देशका राजदूत फिर्ता बोलाउन गरेको निर्णय कार्यान्वयन नगर्नू भन्दै आइतबार अल्पकालीन आदेश जारी गरेकोमा त्यसविपरीत सरकारले फेरि पत्राचार गरेर राजदूतहरूलाई फिर्ता बोलाएको हो ।

परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेलका अनुसार २० कात्तिकभित्र फिर्ता हुन राजदूतहरूलाई फेरि पत्राचार गरिएको छ । पूर्वप्रधानन्यायाधीशसमेत रहेकी प्रधानमन्त्री सुशीला कार्की अदालतको आदेशलाई बेवास्ता गर्दै पूर्ववत् निर्णय लागू गर्न कस्सिएकी छन् ।

सोहीअनुसार सोमबार परराष्ट्र मन्त्रालयले कात्तिक २० भित्रै फर्कनू भन्दै राजदूतहरूलाई फेरि पत्राचार गरेको हो । हाल परराष्ट्र मन्त्रालय कार्कीले नै सम्हाल्दै आएकी छन् । उनै कार्कीको अध्यक्षतामा ३० असोजमा बसेको मन्त्रिपरिषद् बैठकले अघिल्लो (ओली) सरकारले नियुक्त गरेका ११ राजदूतलाई फिर्ता बोलाउने निर्णय गरेको थियो । निर्णयका आधारमा परराष्ट्र मन्त्रालयले यसअघि सम्बन्धित देशका राजदूतहरूलाई फिर्ता आउन पत्राचार गरेको थियो । यदि, फिर्ता नआउँदा राजनीतिक, नैतिक र व्यावहारिक दृष्टिकोणबाट पनि राजदूतहरूलाई काम गर्न अप्ठेरो हुने दाबी सरकारको छ ।

एकातिर सर्वोच्चले निर्णय कार्यान्वयन नगर्नू भन्दै अल्पकालीन आदेश जारी गर्नु र अर्कातिर सरकार फिर्ता बोलाउने निर्णय जसरी कार्यान्वयन गर्न लाग्नुले राजदूतहरू अलमलमा परेका छन् । आइतबार मात्रै सर्वोच्चका न्यायाधीशद्वय शारंगा सुवेदी र श्रीकान्त पौडेलको संयुक्त इजलासले निर्णय कार्यान्वयन नगर्नू भन्दै अल्पकालीन आदेश जारी गरेको थियो ।

'विभिन्न देशका १७ जना आवासीय राजदूतमध्ये ११ जनालाई मात्र छनोट र पदमुक्त गरी फिर्ता बोलाउने निर्णय गर्दा त्यसको आवश्यकता र औचित्य पुष्टि हुने कुनै कारणसमेत निर्णयमा उल्लेख भएको छैन । प्रस्तुत निवेदन अन्तिम आदेश हुँदा ठहर भएबमोजिम हुने हुँदा हाललाई मन्त्रिपरिषद्को २०८२ असोज ३० मा भएको राजदूत फिर्ता बोलाउनेसम्बन्धी निर्णय हाललाई कार्यान्व्यन नगर्नू,' अन्तरिम आदेशमा भनिएको थियो ।

यसअघि, न्यायाधीश विनोद शर्माको एकल इजलासले कात्तिक ९ गते यस विषयमा लिखित जवाफ माग गरेको थियो । अदालतले दुवै पक्षको छलफलपछि आइतबार अन्तरिम आदेश जारी गर्दै राजदूत फिर्ता बोलाउने निर्णय कार्यान्वयन नगर्न भनेको हो ।

अधिवक्ता प्रतिभा उप्रेतीले यही कात्तिक २ गते प्रतिनिधिसभा नै विघटन भएको अवस्थामा संसदीय सुनुवाइ हुनसक्ने कुनै गुञ्जायस नै नभएकाले संविधानतः राजदूत नियुक्ति हुन नसक्ने अवस्था नै नभएकाले राजदूत फिर्ता बोलाउने सरकारको निर्णय गैरकानुनी भएको उल्लेख गर्दै उक्त निर्णय बदरको मागसहित रिट निवेदन दायर गरेकी थिइन् ।

फिर्ता बेलाइएका राजदूतमा चीनका प्रा.डा. कृष्णप्रसाद ओली, जर्मनीका डा. शैल रूपाखेती, इजरायलका प्रा. धनप्रसाद पण्डित, मलेसियाका डा. नेत्रप्रसाद तिमल्सिना, कतारका रमेशचन्द्र पौडेल, रुसका जंगबहादुर चौहान, साउदी अरबका नरेशविक्रम ढकाल, स्पेनका सनिल नेपाल, संयुक्त अधिराज्य बेलायतका चन्द्रकुमार घिमिरे, संयुक्त राज्य अमेरिकाका लोकदर्शन रेग्मी र जापानका डा. दुर्गाबहादुर सुवेदी हुन् ।

फिर्ता बोलाइएका राजदूतमा राजनीतिक नियुक्ति पाएकाहरू हुन् । अमेरिकाका लागि लोकदर्शन रेग्मी र चीनका राजदूतमा कृष्णप्रसाद ओलीलाई निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओली सरकारले नियुक्त गरेको थियो । पूर्वमुख्यसचिवसमेत रहेका रेग्मी र चीनका राजदूत ओलीलाई २०८१ कात्तिक २५ गते नियुक्त गरिएको थियो । रेग्मी यसअघि २०७७ मा पनि मुख्यसचिवबाट राजीनामा दिएर बेलायतका लागि राजदूत बनेका थिए ।

सरकारले फिर्ता बोलाएको अधिकांश राजदूत ओली नेतृत्वको सरकारका पालामा नियुक्त भएका थिए । उनीहरू कांग्रेस, एमाले र माओवादी केन्द्रको भागबण्डाको आधारमा मन्त्रिपरिषद्को सिफारिसमा राजदूत बनेका थिए ।

परराष्ट्र सम्बन्ध बिग्रिरहेको समयमा सरकारले राजदूत फिर्ता बोलाएर अपरिपक्व निर्णय गरेको भन्दै चौतर्फी आलोचना बढेको थियो । सरकार भने राजदूत फिर्ता बोलाउने अडानमै थियो । यद्यपि, नयाँ राजदूत नियुक्ति भने तत्काल नगरिने प्रधानमन्त्री कार्कीले बताएकी थिइन् ।




# यी हुन् 'जेन-जी' आन्दोलनका ४५ सहिद

**काठमाडौं (प्रस)–** सरकारले गत भदौ २३ र २४ गते 'जेन-जी' प्रदर्शनका क्रममा मृत्यु भएका ४५ जनालाई सहिद घोषणा गर्ने निर्णय गरेको छ ।

सोमबारको मन्त्रिपरिषद् बैठकले प्रदर्शनका क्रममा काठमाडौंलगायत मुलुकका विभिन्न भागमा मृत्यु भएका ४५ जनालाई राज्यका तर्फबाट सहिद घोषणा गर्ने निर्णय भएको सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जानकारी दिए ।

गृह मन्त्रालयअन्तर्गत सहसचिव नेतृत्वमा रहेको समिति र विभिन्न जिल्ला प्रशासन कार्यालय, सरोकार भएका, सुरक्षा निकाय सबैतिरबाट आएको अध्ययनका आधारमा हाल ४५ जनालाई सहिद घोषणा गरिएको उनले बताए ।

अन्य मृतकबारे अध्ययन भइरहेको र त्यसबाट निर्क्योल भएअनुसार निर्णय गरिने मन्त्री खरेलले बताए । जेन-जी आन्दोलनका क्रममा ७६ जनाको मृत्यु भएको थियो ।

> सोमबारको मन्त्रिपरिषद् बैठकबाट जेन-जी प्रदर्शनका क्रममा काठमाडौंलगायत मुलुकका विभिन्न भागमा मृत्यु भएका ४५ जनालाई सहिद घोषणा गर्ने निर्णय

**यी हुन् जेन-जी आन्दोलनका ४५ सहिद**

सरकारले घोषणा गरेको सहिदमा बुद्धिबहादुर तामाङ (काठमाडौं), सन्तोष विश्वकर्मा (उदयपुर), सुलभराज श्रेष्ठ (बाँके), श्रीयम चौलागाई (मोरङ), इस्वतबहादुर अधिकारी (काठमाडौं), आयुष थापा (बाँके), गौरव जोशी (कैलाली), योगबहादुर श्रेष्ठ (सिन्धुपाल्चोक), माधव सारू मगर (अर्घाखाँची), विमलबाबु भट्ट (गोरखा), असहाव आलम ठकुराई (पर्सा), सौरनकिशोर श्रेष्ठ (बागलुङ), सुभाषकुमार बोहरा (बझाङ), रसिक खतिवडा खत्री (काभ्रे), विनोद महर्जन (ललितपुर), दिलनारायण तामाङ (काभ्रे), योगेन्द्र न्यौपाने (सिन्धुली), अभिषेक श्रेष्ठ (सुनसरी), मोहन सरदार (सुनसरी), छत्रमान कुथुमी (धनकुटा), ओझन बुढा (बाजुरा), साजन राई (सुनसरी), अनिश पराजुली (गोरखा) छन् ।

यसैगरी सारकुमार राई (उदयपुर), अर्जुन भट्ट (गोरखा), धिरज श्रेष्ठ (नुवाकोट), देवकुमार सुवेदी (सर्लाही), उमेश महत (सिन्धुपाल्चोक), प्रविण कुलुङ (संखुवासभा), निखिता गौतम (चितवन), अभिषेक चौलागाई (दोलखा), विजय चौधरी (सिरहा), भिमराज धामी (बझाङ), नरज पन्त (बैतडी), दीपकसिंह साउद (बैतडी), शुभराज बलामी श्रेष्ठ (नुवाकोट), ज्ञानिन्द्र सेढाई (झापा), दिनेश राजवंशी (झापा), कमल भण्डारी (पाँचथर), दिपेश सुनुवार (सिन्धुली), महेश बुढाथोकी (दोलखा), लच्छुमान राई (नुवाकोट), मिलन राय (सिन्धुली), अमृत गुरुङ (कास्की) र उत्तम थापा (दार्चुला) लाई पनि सहिद घोषणा गर्ने निर्णय सरकारले गरेको छ ।

## कम्पनीको नाम परिर्वतन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८२/०७/१८ गते**

यस कम्पनीको मिति २०८२/०१/२३ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **शान्तीपुर मेडिकल सेन्टर**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०२/०४ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **एभरेष्ट मेडिकल सेन्टर (प्रा.लि.नं. ३०४९२०१९४)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## टाइम्स् वर्क प्रा.लि. पोखरा, कास्कीद्वारा जारी

## सार्वजनिक सूचना

**(प्रकाशित मिति : (२०८२/०७/१८)**

मिति २०८० साल वैशाख महिना देखि यस टाइम्स वर्क प्रा.लि. (प्रा.लि.न. १३६४९५, पान नं. ६०३५०५७११) कम्पनीका संचालक शिव संसार श्रेष्ठ (ना.नं. २०२९२, स्याङ्जा) यस कम्पनीको सम्पर्कमा नआई बेखवर रहनुभएको व्यहोरा सबैमा जानकारी गराइन्छ । निज शिव संसार श्रेष्ठद्वारा उक्त मिति २०८० साल वैशाख महिनादेखि यता यस कम्पनीका नाममा कुनै पनि व्यहोरामा कुनै पनि किसिमको कारोबार गरिएको वा दायित्व सृजना भएको वा कुनै किसिमको संझौता गरिएको वा कुनै पनि व्यहोराको व्यापार, व्यवसाय वा कार्य भएको पाइएमा सम्पूर्ण रूपमा सोको दायित्व, जवाफदेहीता वा कानुनी उत्तरदायित्व समेत वहन गर्न यो कम्पनी बाध्य नहुने समेत सम्पूर्ण सरोकारवालाहरूलाई जानकारी गराइन्छ ।

**आज्ञाले**
**सुधन अर्याल**
**(संचालक अध्यक्ष)**


## साउदीमा रोजगार

कम्पनी : BASMAT AL-NAFITHAH CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०६/२३ | LT. No. 331901 | चलानी नं. ६०२४५८०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loader & Unloader | 2 | 0 | 1400 | ५३,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक २५ गते (11th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GREEN LIGHT OVERSEAS PVT. LTD**
Basundhara-3, Kathmandu Tel : +977-1-5905757, 5905758, +977 985-1358431
Email:info@greenlight.com.np, Web: www.greenlight.com.np
श्रम ईजाजत नं. 1365/074/75



## साउदीमा रोजगार

कम्पनी : SHAZA FAISAL MUTAB AL SHAMRI RESTAURANT ESTABLISHMENT FOR CATERING

पूर्व स्वीकृति मिति : २०८२/०६/१० | LT. No. 3331766 | चलानी नं. ६०२४५९२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 4 | 0 | 1000 | ३७,९५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक २५ गते (11th Nov. 2025) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Career Development Human Resource Pvt. Ltd.**
Buddhanagar, New Baneshwor, Kathmandu, Nepal Phone : 01-4784063, 4784064, 9823299967, Fax: 01-4784063 E-mail: info@careerdevelopmenthr.com
श्रम ईजाजत नं. १२३०/०७४/०७५



## कुवेतमा रोजगार

कम्पनी : AL OTHMAN & AL BISHER TRADING CO. W.L.L

पूर्व स्वीकृति मिति : २०८२/०७/१३ | LT. No. 332883 | चलानी नं. ६०२४६५९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 4 | 0 | 95 | ४४,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Driver | 4 | 0 | 180 | ८३,५२५ | | | | | | | |
| 3 | Light Driver | 1 | 0 | 140 | ६४,९६५ | | | | | | | |
| 4 | Sales Promoters | 0 | 2 | 150 | ६९,६०५ | | | | | | | |

कम्पनी : DALA AND FINGAL RETAILING FOODSTUFFS COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०७/१३ | LT. No. 333092 | चलानी नं. ६०२४६७४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 4 | 0 | 120 | ५५,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner General | 0 | 7 | 120 | ५५,६८५ | | | | | | | |
| 3 | Electrician | 2 | 0 | 150 | ६९,६०५ | | | | | | | |
| 4 | Barista | 2 | 0 | 150 | ६९,६०५ | | | | | | | |
| 5 | CCTV Operator | 2 | 0 | 200 | ९२,८०५ | | | | | | | |
| 6 | Roaster | 2 | 0 | 150 | ६९,६०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक २५ गते (11th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Employment Link Nepal Pvt. Ltd.**
Tokha-10,Tokha Road, Samakhusi, Kathmandu, Nepal, Tel: +977-4371365, 4372698, 5900079
E-mail: elndocument@gmail.com, Website: www.employmentlinknepal.com
श्रम ईजाजत नं. २९९/०५८/०५९


## ऋण चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०७/१८ गते**

यस संस्थाको तपसिलमा उल्लेखित तपाईको ऋण भाखा भित्र नतिरी संस्थाबाट पटक-पटक भएको मौखिक एवम् लिखित तर-ताकेता गर्दा पनि ऋण भुक्तानीको लागि पहल नगरी आलटाल गरी बस्नु भएकोले संस्थामा ऋण तिर्न बुझाउनका लागि यो ३५ दिने प्रथम सुचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र संस्थामा तिर्न बुझाउन पर्ने रकम दाखिला हुन नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम तथा ऋण लिँदाको बखत संस्थामा गरेको ऋण तमसुक सर्त कबुलियतनामा बमोजिम तपाईले संस्थाको नाममा लेखाएर दिएको (दृष्टिबन्धक रोक्का) धितो लिलामीको प्रक्रिया अपनाएर धितो लिलामी गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा जानकारी गरिन्छ । साथै संस्थाको साँवा, व्याज र हर्जना असुलीको सिलसिलामा उक्त कार्य सम्पन्न गर्ने क्रममा आएका अन्य खर्च समेत तपाईबाट लेना रकम सरह असुल उपर गर्ने व्यहोरा पनि जानकारी गराउदछौ । सो प्रक्रियाबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा तपाई ऋणी तथा धनजमानत दिनेको घर-घराना, चल-अचल सम्पत्तिबाट प्रचलित कानुन-वमोजिम असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित ऋणी तथा धन जमानीलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

**तपशिलः**

| क्र.सं. | ऋणीको तीनपुस्ते विवरण | जमानत दिनेको विवरण | धितोको बिवरण |
|---|---|---|---|
| १. | **नाम : रमेश पुडासैनी**<br>बुबा : रघुनाथ पुडासैनी<br>बाजे : हेमलाल पुडासैनी<br>ठेगाना : ओखरपौवा-०५, नुवाकोट | **नाम : मुना सापकोटा**<br>बुबा : विष्णु प्रसाद सापकोटा<br>स.बाजे : हेमलाल पुडासैनी<br>ठेगाना : ओखरपौवा-०५, नुवाकोट | ओखरपौवा-५, नुवाकोट<br>वडा नं.५<br>कि न.२२८३<br>क्षेत्रफल : ०-१५-०-३ |

**वचन बचत तथा ऋण सहकारी संस्था लि.**
डिल्लीबजार, काठमाडौं, फोन: ०१-४४३५७७९, ०१-४४३४३२०
Email: savingbachan@gmail.com, Web: www.bachansaving.com

## घोडाघोडी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सुख्खड, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

## आन्तरिक आयको ठेक्का वन्दोवस्त गर्ने सम्बन्धी बोलपत्र आव्हानको सूचना

**तेश्रो पटक प्रकाशित मिति: २०८२/०७/१८**

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११(घ) को उपदफा ६ अनुसार यस नगरपालिका क्षेत्र भित्र आन्तरिक आय सम्बन्धी ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले तपशिल बमोजिमको कर उठाउने ठेक्का लिन इच्छुक र योग्य (मु.अ. कर दर्ता प्रमाण पत्र, आ.व. २०८०/०८१ सम्मको कर चुक्ता, फर्म नवीकरण भएको) फर्म वा कम्पनीबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp मार्फत बोलपत्र पेश गर्न यो सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गरिएको छ । रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

| सि.नं. | ठेक्का नं. | ठेक्काको किसिम | न्यूनतम अंक (मु.अ. कर बाहेक) रू. | बोलपत्र फाराम दस्तुर रू. | धरौटी रकम रू. | सूचनाको अवधि |
|---|---|---|---|---|---|---|
| १. | NCB/GMU/01/082/083 | ढुंगा, गिट्टी र वालुवा विक्री शुल्क संकलन कार्य (कन्द्रा नदी, कन्द्री नदी, डोडा नदी, झिंगेझाला नदी र टेंगना नदी) | ५,२५,३७,६८२.८४ /- (पाच करोड पच्चीस लाख सैतिस हजार छ सय बयासी रूपिया र पैसा आठ चार मात्र) | ५०००/- | कबोल अंकको ५५ | ७ दिन |

थप जानकारीका लागि यस नगर कार्यपालिकाको कार्यालयको वेबसाइट https://www.ghodaghodimun.gov.np/ne मा र www.bolpatra.gov.np/egp मा हेर्न सकिने छ । साथै शर्त, ठेक्का अवधि तथा शुल्क लिने दररेट लगाएतको विस्तृत विवरण बोलपत्र फाराम साथ संग्लन गरिएको छ ।

जम्मा गर्नुपर्ने बैंकको नामः कृषि विकास बैंक, सुख्खड, कैलाली (घोडाघोडी नगरपालिकाको नाममा रहेको)

राजश्व खाता नं.: ०८२२३००४१११५११९६

धरौटी खाता नं.: ०८२२३००४१११५१०९९

**प्रमुख प्रशासकीय अधिकृत**

## ऋण चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०७/१८ गते**

यस संस्थाको तपसिमा उल्लेखित तपाईको ऋण भाखाभित्र नतिरी संस्थाबाट पटक-पटक भएको मौखिक एवम् लिखित तर-ताकेता गर्दा पनि ऋण भुक्तानीको लागि पहल नगरी आलटाल गरी बस्नु भएकोले संस्थामा ऋण तिर्न बुझाउनका लागि यो ३५ दिने सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र संस्थामा तिर्न बुझाउन पर्ने रकम दाखिला हुन नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम तथा ऋण लिँदाको बखत संस्थामा गरेको ऋण तमसुक सर्त कबुलियतनामा बमोजिम तपाईको नाममा वा एका घर परिवारको नाममा मालपोत कार्यालयमा दर्ता रहेको चल अचल सम्पति नेपाल सरकारको कानुन बमोजिम रोक्का राखी असुल उपर गर्ने संस्था बाध्य हुने व्यहोरा जानकारी गराउँदै । संस्थाको साँवा, व्याज र हर्जाना असुलीको सिलासिलामा उक्त कार्य सम्पन्न गर्ने क्रममा आएका अन्य खर्च समेत तपाईबाट लेना रकम सरह असुल उपर गर्ने व्यहोरा पनि जानकारी गराउदछौं । सो प्रक्रियाबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा तपाई ऋणी तथा धनजमानत दिनेको घर-घराना,चल-अचल सम्पत्तिबाट प्राचालित कानुन-वमोजिम असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित ऋणी तथा जमानीलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

**तपसिलः**

| क्र.सं. | ऋणीको तीनपुस्ते विवरण | ऋणीको फोटो | जमानत दिनेको विवरण | जमानीको फोटो |
|---|---|---|---|---|
| १. | **ऋणी : दिपक घिमिरे**<br>बुबा : राजु घिमिरे<br>बाजे : हेमनाथ घिमिरे<br>ठेगाना: ककनी-०२, नुवाकोट |  | **नाम : शर्मिला ढुंगाना**<br>बुबा : वेद प्रसाद ढुंगाना<br>स.बाजे : हेमनाथ घिमिरे<br>ठेगाना : ककनी-०२, नुवाकोट |  |
| २. | **ऋणी : किरण लामा**<br>बुबा : नविन कुमार लामा<br>बाजे : टंक ध्वज लामा<br>ठेगाना: हर्नामाडी- ५, मकवानपुर |  | **नाम : रमेश देवकोटा**<br>बुबा : धुर्व प्रसाद देवकोटा<br>बाजे : कमल कान्त देवकोटा<br>ठेगाना : तारकेश्वर-३, काठमाडौं |  |

**वचन बचत तथा ऋण सहकारी संस्था लि.**
डिल्लीबजार, काठमाडौं, फोन: ०१-४४३५७७९, ०१-४४३४३२०
Email: savingbachan@gmail.com, Web: www.bachansaving.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## बक्यौता नतिरेका उद्योगीसँग सरकारको सकारात्मक पहल

**जेन–जी विद्रोहपछि बनेको नयाँ सरकारप्रति जनताको बेग्लै आशा र भरोसा छ । चुनावी सरकार भए पनि सुशासन नै जनताले आश गरेको पहिलो विषय हो । दलको सरकार, व्यवसायी र कर्मचारीले कमिसनका भरमा राज्यलाई थिलथिलो बनाएको आरोप छ । यो बीचमा नेपाल विद्युत् प्राधिकरण पनि विवादमा तानियो । डेडिकेटेड फिडर तथा ट्रंक लाइन सेवा लिएर विद्युत् महसुल बक्यौता नतिर्ने उद्योगीहरूले सरकारलाई नै गलाउने अभियान चलाए । विगतका सरकार झुक्थे पनि । कतिपयले प्रश्न गर्थे, सरकारसँग यस्ता खाले उद्योगीको राम्रै उठबस हुन्छ ।**

**बक्यौता रकम उठाउन सकिन्नथ्यो । यद्यपि, अन्तरिम सरकारमा प्राधिकरणमा कडै रूपमा प्रस्तुत हुँदै आएका कुलमान घिसिङ पनि आइपुगे । ऊर्जा मन्त्रालयको बागडोर सम्हाल्नसाथ घिसिङले प्रतिज्ञा नै गरेका थिए– उद्योगीहरूबाट बक्यौता महसुल उठाइछाड्ने । यद्यपि, यो काम मुस्किल थियो । उद्योगीले रकम नतिर्ने धम्कीपछि कतिपयले कुलमान पनि उद्योगीसँग पहिलेकै सरकारका मन्त्रीहरूजस्तै कमिसनमा जोडिएका छन् कि भन्ने आशंका सुरु भएको थियो ।**

**त्यहीबीचमा अटेरी गर्ने उद्योगीको लाइन काटियो । कुलमानमाथि संकट परेको बेला उद्योगीमाथि अन्यायपूर्ण प्रतिशोध साँधेको आरोपसमेत लाग्यो । हुन पनि उनको यो निर्णयले राज्यलाई चौतर्फी घाटा सुरु भएको थियो । एक त प्राधिकरणको विद्युत् खेर जानु । अर्को संकटमा परेका उद्योगी बन्द भएर घाटामा जानु । त्यसमाथि कर्मचारी बेरोजगार हुनु । यसले गर्दा कुलमान पनि आलोचित भए । उनीमात्र हैन सुशासनको अपेक्षा गरेको सुशीला कार्की नेतृत्वको सरकार पनि आलोचनाको सिकार बन्न पुग्यो ।**

**यो बीचमा प्रधानमन्त्री कार्कीले समन्वयको प्रयास गरिन् । अर्थमन्त्री रामेश्वर खनाल र ऊर्जामन्त्री घिसिङले पनि यो विषयमा सकारात्मक भूमिका निभाए । उद्योगीहरूले पनि सरकारलाई सहयोग गरेरै जाने नीति लिएको देखियो । जसकारण उद्योगीले धमाधम किस्ता तिर्न थालेका छन् । यो पक्कै पनि सकारात्मक सुरुआत हो । पछिल्लो आन्दोलनपछि त्राहीमाम बनेको उद्योगका लागि सरकारले अभिभावकत्व लिनु स्वागतयोग्य कदम हो ।**

**उद्योगी, जनता सबैलाई विश्वासमा लिएर पारदर्शी निर्णय लिएमा जनताप्रति पनि आशंका बढ्दैन । उद्योगीले पनि छलकपट गर्नुको साटो नियमित किस्ता तिर्दै जानु उपयुक्त हुन्छ । यद्यपि, यो विषयमा उद्योग हेरेर सरकारले नियमनकारी भूमिका भने निभाउनैपर्छ । अहिले होस् या भोलि यसखालको प्रणाली निरन्तर लागू हुनेगरी सरकारले जग बसाल्नुपर्छ ।**

**श्रम सरोकार**

## वैदेशिक रोजगारीमा रहँदा अपनाउनुपर्ने स्वास्थ्य सुरक्षाका उपायहरू

- सामान्यतया काम गर्ने समय आठ घण्टा अनिवार्य हो तर काम (ओभरटाइम) पाइयो भन्दैमा १२ घण्टाभन्दा बढी काम गर्दा शरीरलाई चाहिने आराम कम हुने भएकोले स्वास्थ्यमा असर पर्न जान्छ ।
- कोठामा बस्दा वा सुत्दा एसी सही किसिमबाट प्रयोग गर्नुपर्छ ।
- त्यसैले दैनिक १२ घण्टा काम गर्ने हो भने आठ घण्टा अनिवार्यरूपमा आराम गर्नुपर्दछ ।
- दैनिक काम गरेको समय र आरामको समय मिलाई सोहीबमोजिम पोषिलो खाना खानुपर्दछ ।
- स्वदेश र विदेशको वातावरण फरक पर्ने हुँदा पर्याप्त मात्रामा पानी पिउने गर्नुपर्दछ ।
- बाहिरी वातावरणमा घुम्न जाँदा वा हिँड्दा मास्क, चस्मा आदिको प्रयोग गर्नुपर्दछ ।
- जाडो र गर्मीको वातावरण हेरी कार्यस्थलमा वा स्थानमा उपयुक्त तवरले प्रयोग गर्नुपर्दछ ।
- धूमपान तथा मादकपदार्थको प्रयोगले स्वास्थ्यमा तुरुन्तै असर गर्ने भएकोले यसको प्रयोग गर्नु भनेको स्वास्थ्य खतरामा पार्नु हो । त्यसैले मादकपदार्थको प्रयोगबाट टाढै रहनुपर्दछ ।
- कामको प्रकृतिअनुसार तोकिएका सुरक्षाका सामानहरू प्रयोग गर्नुपर्दछ । जस्तोः चस्मा, पञ्जा, रोप, बुट, ड्रेस, हेल्मेट, हार्नेस आदि । सुरक्षा कवच प्रयोग गर्न लापरवाही गरे दुर्घटना हुनसक्छ, स्वास्थ्यमा असर पर्छ ।

महिला कामदारले ध्यान दिनुपर्ने कुराहरू

- प्रायः घरमा सिसी क्यामरा जडान गरिएको हुन्छ । त्यसबाट सबै कुरा निरीक्षण गरिरहेका हुन्छन् । त्यसैले सावधानी अपनाउनुपर्दछ ।
- घरमुली वा रोजगारदातासँग बढी कुराकानी गर्दा कतिपय ठाउँमा राम्रो मानिँदैन ।
- नचिनेको महिला वा पुरुषको साथ लागेर नचिनेको/नजानेको ठाउँमा जानु हुँदैन ।
- पुरुष रोजगारदातामात्र घरमा भएका बेला विशेष सावधानी अपनाउनुपर्दछ ।
- कुनै समस्यामा परिहाले कसलाई सम्पर्क गर्ने भन्ने पूर्वतयारी अवस्थामा रहनुपर्दछ । त्यस्तो अवस्थामा गोप्य तरिकाले सम्बन्धित निकाय, संस्था वा व्यक्तिलाई सहयोगको याचना गर्नुपर्दछ ।
- पहिलोपटक वैदेशिक रोजगारीमा गएका महिला कामदारले विशेष सावधानी अपनाउनुपर्दछ । त्यहाँको वातावरणमा घुलमिल हुन केही समय लाग्ने हुँदा आफूलाई आफैंले स्वनियन्त्रणमा राखी काम गर्नुपर्दछ ।

# महिनावारीसँग जोडिएको स्वास्थ्य



डा. अरूणा उप्रेती

> रजोनिवृत्तिको विषयमा भएका अनुसन्धानहरूले के देखाएका छन् भने यस्ता समस्याहरूलाई महिलाहरूको भोजन, शारीरिक व्यायाम, जीवनप्रतिको दृष्टिकोण, मानसिक तनाव आदि कुराले धेरै फरक पार्छ । साथै, युवावस्थाको स्वस्थ खानपिनले पनि धेरै भूमिका खेल्छ । जीवनमा पछि पैसा चाहिन्छ भनेर बैंकमा पैसा राख्ने महिलाहरूले रजोनिवृत्ति पनि स्वस्थ रहोस् भनेर युवावस्थादेखि नै स्वास्थ्यमा लगानी गर्नुपर्छ । अर्थात् स्वस्थ खाना, स्वस्थ जीवनशैली अपनाउनुपर्छ ।

किशोरी र महिलाको महिनावारीका बारेमा अनेक वृत्तचित्र, चलचित्र बनेका छन् र ४०-४५ वर्षपछि महिलाको रजनोवृत्ति अर्थात् महिनावारी बिस्तारै सुक्दै जाने समस्याका बारेमा न त प्रायः छलफल हुन्छ, न यसका बारेमा महिला स्वास्थ्यसम्बन्धी अनुसन्धान गरिन्छ ।

महिनावारी सुक्नु रोग होइन तर जसरी महिनावारी हुँदा कसैकसैलाई साधारण समस्या हुन सक्छ, महिनावारी सुक्दा पनि साधारण समस्या देखापर्नु स्वाभाविक हो भनेर बुझ्नसके महिलालाई सजिलो हुने थियो । 'मेरो महिनावारी ४५ वर्षमा सुकेको थियो । पहिले त मलाई केही तातो हुने, खलखली पसिना पनि आउँथ्यो । मलाई मेरो साथीले हर्मोन औषधि दिइन् तर त्यसले मलाई झन् समस्या गरायो । मैले औषधि पनि छोडेँ र मैले त यस अवस्थालाई सामान्यरूपमा लिएको छु । अहिलेसम्म रजोनिवृत्तिका समस्या भएको छैन,' ७५ वर्षीया एक जनस्वास्थ्य विज्ञले केही दिनअघि मलाई इमेलमा लेखेकी थिइन् ।

'मेरो महिनावारी सुकेको चार वर्ष भयो । पहिलेपहिले त कहिले दुई/तीन महिनामा हुन्थ्यो । त्यतिबेला केही बढी रगत जान्थ्यो । फापर, ढिँडो, सिस्नो खाएँ । मलाई ढुक्क पो भएको थियो । मलाई कुनै समस्या नै भएन,' गाउँकी एक महिलासँगको भेटमा भनेकी थिइन् ।

नेपाली महिलाको महिनावारी सामान्यतया ४५-५२ वर्षको उमेरको हाराहारीमा पुगेपछि बन्द हुन्छ । अन्तर्राष्ट्रियस्तरमा अमेरिकी तथा जापानी महिलाका बीचमा अधिकांश रजोनिवृत्तिपछिको अवस्थालाई लिएर धेरै अनुसन्धान भएको पाइन्छ । नेपालमा भने 'मेनोपोज सिमटम इन नेपाल'की डा. कान्ति गिरीले सन् २००१ मा काठमाडौं, भक्तपुर, ललितपुर, कास्की, मकवानपुर र चितवनका १५० महिलामा गरिएको एउटा अध्ययन पाइन्छ । रजोनिवृत्ति वा महिनावारी सुकेपछि कतिपय महिलालाई केही समस्याहरू पर्न सक्छन् । यद्यपि, धेरै महिलालाई केही समस्या पर्दैन । यो कुनै रोग होइन भनेर मानिसहरूले बुझ्न गाह्रो भएकाले र महिनावारी सुकेपछि के औषधि गर्ने भन्ने प्रश्न पनि नेपाली महिलाहरूले गर्छन् ।

परिवार नियोजनको अस्थायी साधन प्रयोग गर्दा पनि महिनावारी गडबड हुन सक्छन् । गाउँघरमा त ५० वर्षसम्म पनि यसरी कतिपय महिलाले डिपो वा नरप्लान्ट (परिवार नियोजनका साधन) प्रयोग गर्दा महिनावारी नै नहुने हुन्छ । अनि महिनावारी सुकेको हो कि यो साधनको प्रभावले भएको हो भन्ने छुटचाउन नै गाह्रो पर्छ । लगातार यस्तो साधन प्रयोग गर्दा हड्डी 'फुसफुसे' भएर भाँचिने समस्या हुन्छ । त्यसैले ३५ वर्षपछि परिवार नियोजनका साधन प्रयोग गर्दा बढी होसियार हुनुपर्छ । तर यो विषयमा कतै छलफल नै हुँदैन ।

रजोनिवृत्तिको बेला कसैलाई समस्या हुन्छ, कसैलाई हुन्न भनेर जाँच्ने यन्त्र त छैन । तर भोजन, आराम, सकारात्मक विचारले समस्या हुनेलाई पनि, समस्या नहुनेलाई पनि स्वास्थ्य राम्रो हुन्छ । तर युवावस्थामा शरीरलाई मोटो बनाएर, व्यायाम नगरेर सबै कुरा उमेर ढलेपछि गरौंला भनेर भनियो भने रजोनिवृतिमा समस्या हुन सक्छ । त्यसैले पहिले नै होस पुऱ्याए राम्रो हुन्छ ।

मेरी आमाको ४५ वर्षमा नै रजोनिवृत्ति भयो मेरो १० वर्षअघि ५० वर्षमा नै भयो, केही समस्या नै भएन । तर कसै कसैलाई राति निन्द्रा नलाग्ने, रिस उठ्ने, खान मन नलाग्ने र कसै कसैलाई जिउ चिलाउने र स्तनको आकार सानो हुँदै जान सक्छ । यसको कारण शरीरमा एस्ट्रोजेन नामक हर्मोन कम हुँदै जानु हो । चुरोट र सूर्ती प्रयोग गर्ने महिलाहरूलाई यस्तो समस्या बढी हुने गरेको देखिएको छ । त्यसैले स्वस्थ रहने हो भने गाउँघरका महिलालाई चुरोट र तमाखु छोड भन्नै पर्छ । तर नेपालको गाउँघरमा महिलाहरूलाई धूमपान र स्वास्थ्यमा पर्ने असरको बारेमा प्राय थाहा हुँदैन ।

प्रायः कति जनालाई त थाहा पनि हुँदैन कि महिनावारी बन्द हुने प्रक्रिया एकैपल्टमा हुँदैन । सुरुआतमा महिनावारी कहिले हुने, कहिले नहुने वा दुई-तीन महिना बिराएर हुने गर्छ । यो महिनावारी बन्द हुने प्रक्रिया हो भन्ने नबुझ्दा कतिले त मलाई रोग लाग्यो कि भनेर डराउँछन् । अनि लौ पाठेघरको क्यान्सर भयो भनेर तर्सिन्छन् ।

रजोनिवृत्तिको विषयमा भएका अनुसन्धानहरूले के देखाएका छन् भने यस्ता समस्याहरूलाई महिलाहरूको भोजन, शारीरिक व्यायाम, जीवनप्रतिको दृष्टिकोण, मानसिक तनाव आदि कुराले धेरै फरक पार्छ । साथै, युवावस्थाको स्वस्थ खानपिनले पनि धेरै भूमिका खेल्छ । जीवनमा पछि पैसा चाहिन्छ भनेर बैंकमा पैसा राख्ने महिलाहरूले रजोनिवृत्ति पनि स्वस्थ रहोस् भनेर युवावस्थादेखि नै स्वास्थ्यमा लगानी गर्नुपर्छ । अर्थात् स्वस्थ खाना, स्वस्थ जीवनशैली अपनाउनुपर्छ । कतिपय महिलाले पनि यसलाई उमेरअनुसारको स्वाभाविक प्रक्रिया ठान्दछन् भने कतिपयले धर्म-कर्मतर्फ लाग्ने समयको रूपमा पनि लिएको पाइन्छ । अहिले त रजोनिवृत्ति भइसकेका महिलाहरू अफिसमा काम पनि गरिरहेका हुन्छन् ।

रजोनिवृत्तिको अवस्थामा पुगेपछि स्वास्थ्यको विशेष ध्यान राख्नुपर्नेचाहिँ हुन्छ । ३५-४० वर्षको उमेरपछि नै शरीरका हाडमा घनत्व कम हुँदै जान्छ, रजोनिवृति भएपछि या झन् बढ्न जाने हुनाले शारीरिक व्यायाम, भोजन आदिमा विशेष ध्यान दिनुपर्छ । विभिन्न अध्ययनले देखाएका छन् तातो हुने धेरै पसिना आउने आदि रजोनिवृत्ति हुँदा हुने समस्यालाई कम गर्न भटमासको प्रयोग गर्नुपर्छ । प्रोटिन र लौहतत्त्व पाइने र भटमासको विशेष तत्त्वले मुटुको रोगबाट बचाउन मद्दत पनि गर्छ । शरीरमा एस्ट्रोजनको कमी हुँदै जाँदा छालामा रहेको चिल्लोपन हराउँदै जानसक्छ । यस्तो बेलामा छाला र गुप्तांगमा चिलाउने समस्या हुनसक्छ । यस्तो बेलामा तोरी, नरिवल, तिल, बदामको तेल प्रयोग गर्न उचित हुन्छ ।

केही महिलाहरूलाई रजोनिवृत्ति अवस्थामा मन दिक्क हुने, मन छिनछिनमा परिवर्तन हुने हुन्छन् । यस्ता परिवर्तन कतिले सजिलै आत्मसात् गर्न सक्छन् त कतिलाई यस्ता परिवर्तनले चिन्तित बनाउँछ । यस्ता परिवर्तनले कस्तो असर गर्छ भन्ने कुरा महिलाको शारीरिक अवस्था र सम्पूर्ण स्वास्थ्य स्थितिले पनि निश्चित गर्छ । यससँगै ती महिलाको आर्थिक स्थिति, कामकाज, पारिवारिक जीवन, सामाजिक जीवन, परिवर्तनलाई आत्मसात् गर्नसक्ने क्षमता तथा रीतिरिवाजले पनि निश्चित गर्छ । यो मानसिक रोग होइन तर यस्तो समस्याले धेरै दुःख दिए मनोचिकित्सकसँग परामर्श लिन सकिन्छ ।

व्यायाम गर्ने महिलाहरूलाई रजोनिवृत्ति भएपछि शरीर एकैछिनमा तातो हुने, एकैछिनमा चिसो हुने समस्या पनि केही कम गर्छ । '५० वर्ष पुगेपछि मेरो घुँडा दुख्ने समस्या भएको थियो, महिनावारी पनि सुक्यो । तर विस्तारै व्यायाम गरेपछि दुखाइ कम हुन्छ । अहिले मैले नियमितरूपमा योग गर्न थालेको छु । मलाई रमाइलो लाग्छ,' ६० वर्षीया निलिमाले भनेको कुरा मलाई साह्रै घत लागेको थियो । व्यायामलाई बोझको रूपमा नलिएर आफूलाई फाइदा पुऱ्याउँछ भन्ने विश्वास गरेपछि अलिअलि गर्दै व्यायाम गर्ने बानी पर्दै जान्छ, स्वस्थ भइन्छ । रजोनिवृत्ति समस्या बन्दैन ।

रजोनिवृत्ति भएकी महिलालाई मानसिक तनावले पनि समस्या पर्न सक्छ । जस्तो कामको धेरै बोझ भए, धेरै थकाई, दिनदिनै झगडा भएमा, उमेर बढेपछि बूढो भए भनेर चिन्ता गरेमा मानसिक तनाव बढ्न जान्छ । यसरी महिनावारी सुक्दा तनाव धेरै पैदा भए शरीरलाई नै नकारात्मक असर गर्दछ । तनाव कम गर्ने धेरै उपायहरू छन् । कतिपय उपायहरू हामी हाम्रो जीवनमा उपयोग गर्छौं । कतिपय महिलाहरूले तनाव परेका बेला प्रार्थना गर्ने, योग गर्ने, ध्यान गर्ने, नाच्ने आदि गर्छन् । यस्ता क्रियाकलापले भावना व्यक्त गर्ने र आनन्दको भएर तनाव कम गर्न पनि मद्दत गर्छन् । महिनावारी सुक्ने बेलामा समस्याहरू कम होस र शरीर स्वस्थ रहोस् भनेर स्वस्थ पोषणको साथै व्यायाम, हिँडाइबाट मानसिक तनाव, अनिन्द्रा, मोटोपन इत्यादि त घटाउँछ नै, आत्मविश्वास पनि बढाउँछ । *रासस*





मट्याङ्ग्रो

बैकुण्ठ भण्डारी

## मैमत्त महारानी !

अहंकारले मैमत्त महारानी ! मैले जस्तो जानेको र बुझेको कसैले पनि छैन । तर छेउटुप्पो केही पनि थाहा छैन ! यो पनि हो जस्तो लाग्ने, त्यो पनि ठ्याक्कै मिलेजस्तो लाग्ने । त्यही भएर पनि महारानीमा मैमत्ताको भूत सवार भएको छ ।

सायद म कसरी बलवान् भएँ भन्ने कुराको पनि होस गुमिसकेको हुनुपर्छ । म के थिएँ र अहिले के छु भन्ने कुरा पनि त्यही मैमत्ताले त 'खलास' बनाइदिइसकेको छ । 'भेज' लाई 'ननभेज' को झोल मिसाइदिएपछि केही न केही गडबड त भई नै हाल्छ । क्रमशः हप्तौं त्यसै गरिदिने हो भने 'ननभेज' भइसक्छ, विचरा ! पत्तै पाउँदैन । सायद 'ननभेज' भइसकेकाले पनि होला महारानीमा भगवान् देब्रे हात परेको छ ।

समय बलवान् भयो । '... देशमा ...तन्नेरी' भनेजस्तै । कम्तीमा हिंग नभए पनि हिंग बाँधेको टालो छ भन्ने भाष्य पनि महारानीले ओकल्नै सक्नु भएन । अरुले चोरी औंलाले देखाइदिएको बाटोबाट हिँड्न थालेपछि अलि परसम्म त पुग्न सकिन्छ तर गन्तव्यमा कहाँ पुगिएला र ?

तर भाग्यले साथ दिएपछि कसको बाउको के लाग्छ र ! गन्तव्य नजिकै पुग्न सकिन्छ । 'हात्ती छिऱ्यो, पुच्छर अड्क्यो' भनेजस्तै । साम्यवाद भन्नेले द्वारे, हुक्के, चुलेको वरपरभन्दा बाहिर निस्कन सकेनन् । खुकुरीको धारमा टेकेर हिँड्नेले पनि दृष्टिभ्रम बनाइदिएपछि महारानीहरू मैमत्त हुनु कुन ठूलो कुरा भयो ?

जन्मँदै महारानी हुनेको पनि अन्तिममा गति देखियो त ! धेरै फुरफुर गर्नु हुन्न भन्थे उसबेला बूढापाकाले । मुखबाट जे बोलिन्छ मनभित्रबाट गर्ने पनि त्यही हो नि, होइन र महारानी ?

'आइस्योस्', 'खाइस्योस्', 'भनिबक्स्योस्'... खोज्या होला । सबैको ओठमा त्यो कहाँ आउला र ?

भुइँमान्छेहरूको संगतमा लागेर, साँइदुवा ठेट्नाहरूको लतमा फसेपछि त कुरो सक्किगो । महाराजलाई नढाँटिबक्स्योस् न महारानी ! हुक्केले पक्कै भनेकै हुनुपर्छ । पर्दा पछाडिको पात्र धेरै बलियो हुन्छ । त्यो हुक्के त्यही पर्दा पछाडिको पात्र हो भन्ने कुरा त महारानीलाई थाहै थियो ।

आँखा चिम्म गरेर निदाएको भान गरिरहँदा कहिलेकाहीँ गोरुको चोट सहनुपर्छ है महारानी । द्वारेको पनि त कुरो सही थियो । भाइभारदारहरूले मौका मिल्दा सबै धोती खोलिदिन्छन् नि ! इतिहासले देखाएको छ । दरबारमा तरबार चलाउनु पनि त राम्रो होइन नि होइन र महारानी ?

हुन त भैपरी आउँदा कहिलेकाहीँ सिस्नोको पोलाइ पनि मिठै हुन्छ । दरबार खरानी हुँदा पनि ताली ठोक्दा रमाइलै मान्नुपर्छ । दरबार जलिरहँदा घिन्ताङ घिन्ताङ मादलुको तालमा कम्मर मर्काइमर्काइ रमाउँदा भित्रै महाराज खरानी भएको पत्तै नपाउने महारानीको के दोष हुन्छ ?

महारानी महाराजलाई त्यही आगोको झिल्कोमा खरानी बनाउने योजनामै हुनुहुन्थ्यो त । सायद महाराजले मैमत्त र उन्मत्त महारानीको भेउ नै पाउनुभएन । महारानीले जसरी ताली बजायो त्यसैमा रमायो । जसो अह्रायो त्यसै गरायो । त्यही भएर महाराज दरबारमा दन्किएको आगोमा आफैं पर्नुभो । महारानीलाई के भो ?

महाराज-महारानीलाई अपुतालीमा आइपरेको हो ! ऊ खुस्किनु र फुस्किनुमा कुनै सन्देह नै छैन । बरु दंग छ । महारानीलाई 'ननभेज' बनाइदिइसकेका छन् । जेन-जी जस्तै । पाइलापाइला विद्रोहको विरुद्धका प्रमाणहरू छन् । जसरी महाराजको अस्तित्व खरानी भयो । त्यसरी नै महारानी पनि खरानी हुने छिन् ।

पद, शक्ति, पैसा र नारीको रूप सधैं टिकिरहँदैन । एउटा समयमा सबै जेन-जी हुन्छन् । जोश हुन्छ, हुँकार आउँछ । त्यही हुँकारका तरर्ररर ताली पनि आउँछ ।

उल्टो बाटो हिँड्दै गर्दा तरर्ररर ताली बज्छ अनि वआ मै पो हुँ त 'सुपर पावर' भन्ने मस्तिष्कले सोचेपछि पलायन त सत्य नै हो । त्यही सत्यले मैमत्त महारानीलाई उन्मत्त बनाएर ढुंगामा पछार्छ । ओहो ! कठैबर ! महारानीको यो अवस्था ! चुँऽचुँऽ गर्नेबाहेक को नै हुन्छ र ?

जित सधैं सत्यको हुन्छ । ढिलो हुन्छ तर परिणाम उत्कृष्ट हुन्छ । मैमत्त महारानीलाई महाराजको गतिले उन्मत्त बनाउन खोज्छ । आखिर अपुतालीको जो कुरा छ ! सारीको सप्कोले लाज ढाक्न खोजेर कहाँ ढाकिन्छ र ? नाइटैमा फुली लगाएर पारदर्शी ब्लाउज देखाइदिएपछि !

द्वारेले स्वाद त लिएका होला । भाइभारदारहरू कहाँ खुसी देखिएका छन् र ? भैगो, महारानी नकुरा गरौं भन्दै पन्छिन खोज्छन् । उहाँ महारानी महाराजसँगै दरबार त खरानी भयो तर महारानीको सौन्दर्यमा आएको रापले खै कहाँ-कहाँ के-के पो हुने हो !

महाराज त खरानी भए । अपुतालीमा आएको 'महारानी' सम्हाल्न पो धौधौ हुने हो कि ? सिलावरको डेक्चीमा पकाएर पातमा खाएको नजरअन्दाज कहिले हुनेहोला र ? महारानीको मैमत्त स्वभावले कुन दरबार पो गर्वित भएको होला र ? उही आसेपासे, हुक्के, द्वारेबाहेक... ।

'आखिर रहेछ श्रीकृष्ण एक' भनेजस्तै ती द्रोपदीले के नै पो बिगार गरेकी थिइन् र दुर्योधनहरूको पञ्जामा पर्नु परेको थियो ? 'भेज' महारानीलाई 'ननभेज' त उही द्वारे, हुक्के र भाइभारदारहरूले नै बनाएका होलान् ।

रिसानी माफ पाऊँ महारानी ! हजुरको मैमत्ताले भुइँ छाड्यो । डोली, पालकी, बग्गीले केही नलाग्ने भो । जसको पसिना र रगतबाट महारानी बन्नुभयो नि त्यसैको आँसुले सराप्ने भो । घर जल्यो, दरबार जल्यो, धेरैका मन जले तर पनि महारानीको मैमत्त जल्नै सकेन । काखका छोराछोरीले घर छाडे, ती कहिले फर्केलान् ? यस्तो मौनतामा पनि त्यही मैमत्तमा उन्मत्त भएर महारानीको उन्माद किन बढिरहेको छ । कहिलेसम्म उन्मत्त भएर बसिरहने हो र ?

जलेको दरबारको खरानी कसले टकटक्याउँला ? रगतले लिपिएका बलेसीमा कसले फेरि पुरानै गोबर माटोले पोतिदेला । छियाछिया परेको घरमा कसले कमेरोले पोतेर उज्यालो बनाउँला ? अब पनि महारानी मैमत्त बनिरहने



**डोलीमा फर्किंदै दर्शनार्थी** | प्रसिद्ध धार्मिकस्थल मुक्तिनाथको दर्शन गरी डोली चढेर फर्किंदै गरेका भारतीय दर्शनार्थी । *तस्बिरः रासस*

# बसाइँसराइले म्याग्दीमा घटे मतदाता

**म्याग्दी–** म्याग्दीमा पछिल्लो तीन वर्षको अवधिमा मतदाताको संख्या घटेको छ । वि.सं. २०७९ मा भएको प्रतिनिधि र प्रदेशसभा निर्वाचनमा ८६ हजार १२० जना मतदाता रहेको म्याग्दीमा निर्वाचन आयोगले पछिल्लोपटक असोज ८ गते सार्वजनिक गरेको मतदाता नामावली विवरणअनुसार ८४ हजार ५२० जना कायम भएको छ ।

जिल्ला निर्वाचन कार्यालय म्याग्दीका सूचना अधिकारी गोविन्द थापाका अनुसार अघिल्लो निर्वाचनको तुलनामा एक हजार ६०० जना मतदाता संख्या घटेको हो । ४१ हजार १७४ जना पुरुष, ४३ हजार ३४५ महिला र एक जना अन्य छन् ।

मृत्यु भएकाको नामावली हटाएको, दोहोरो परेकाको एक ठाउँमा कायम गरेको र बसाइँसराइ गरेर गएकाको स्थानान्तरण गरिएकाले मतदाता घटेका सूचना अधिकारी थापाले बताए ।

यसैगरी म्याग्दीमा पछिल्लो एक महिनाको अवधिमा २३९ जना नयाँ मतदाता थपिएका छन् । निर्वाचन आयोगले गत असोज १० गतेदेखि मतदाता नामावली दर्ताको व्यवस्था मिलाएको थियो । विदेशबाट फर्किएका, नयाँ नागरिकता लिएकाहरूले मतदाता नामावली दर्ता गर्न आइरहेका जिल्ला निर्वाचन अधिकारी बिमलप्रसाद गौतमले बताए ।

आगामी फागुन २१ गते घोषणा भएको निर्वाचनका लागि मतदाता नामावली दर्ता, अद्यावधिकसँगै मतदानस्थलको अवस्था अध्ययन थालेको उनले बताए । यसअघि मतदानस्थल रहेको ठाउँमा विपद्ले क्षति पुगेको र अन्य कारणले स्थानान्तरण तथा गाभ्नुपर्ने भएमा सोको विवरण पठाउन स्थानीय तहलाई निर्वाचन कार्यालयले पत्राचार गरेको छ ।

अघिल्लो निर्वाचनमा म्याग्दीमा ८२ वटा मतदानस्थलमा ११९ मतदान केन्द्र र जिल्ला कारागारमा एक वटा अस्थायी मतदान केन्द्र थिए । प्रतिनिधिसभामा एकवटा निर्वाचन क्षेत्र रहेको म्याग्दीका छवटा स्थानीय तहमा ४५ वटा वडा छन् । *रासस*

## कैलालीमा थपिए १८४४ मतदाता

**सुदूरपश्चिम (प्रस)–** आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि कैलालीमा मतदाता नामावलीमा नाम दर्ता गराउनेको संख्यामा वृद्धि भएको छ ।

प्रदेश निर्वाचन कार्यालय कैलालीका निमित्त प्रमुख प्रेमराज भट्टले गत असोज १० गतेदेखि सोमबारसम्म एक हजार ८४४ नयाँ मतदाता थपिएको जानकारी दिए । यही असोज १० गतेदेखि कार्यालयले मतदाता नामावली संकलन सुरु गरेको हो ।

उनले भने, 'दैनिक १०० देखि १२० जनासम्मले मतदाता नामावलीमा आफ्नो नाम समावेश गराइरहेका छन्, नाम समावेश गराउनेमध्ये झण्डै ६५ प्रतिशत किशोर एवं युवा छन् ।'

यस अवधिमा ३३० मतदाताले ठाउँ सारीका लागि निवेदन दिएको कार्यालयले जानकारी दिएको छ । प्रतिनिधिसभाका पाँच निर्वाचन क्षेत्र रहेको कैलालीमा पछिल्लो निर्वाचनमा क्षेत्र नं १, २ र ३ बाट नागरिक उन्मुक्ति पार्टीका र क्षेत्र नं ४ र ५ बाट नेपाली कांग्रेसका प्रत्यासी विजयी भएका थिए ।

उक्त निर्वाचनमा जिल्लाभरि पाँच लाख ३४ हजार ८६४ मतदाता थिए । सरकारले अध्यादेशमार्फत मतदाता नामावली ऐन संशोधन गरेपछि मतदाता नामावली संकलन सुरु गरिएको हो । यही कात्तिक ३० गतेसम्म मतदाता नामावली संकलन अवधि तोकिएको छ ।

# डाइलाइसिस सेवाले मिर्गौला पीडितलाई राहत

**गलकोट (बागलुङ)–** नियमित मिर्गौलाको डायलाइसिस गराउँदै आएका यहाँका स्थानीय टेकनाथ शर्माले जिल्लाकै धौलागिरि प्रादेशिक अस्पतालमा डायलाइसिस सेवा पाएपछि राहत महसुस गरेका छन् । उनले जिल्लामै डाइलाइसिस सेवा पाउँदा खर्च र समय दुवै बचत भएको बताए । सो अस्पतालले हाल ६० जना मिर्गौला पीडितलाई नियमित डाइलाइसिस सेवा दिइरहेको छ ।

'मिर्गौला रोगीको संख्या बढिरहेको छ, उपचार गर्ने उपकरण र जनशक्ति सीमित छ, पोखरामा डायलाइसिस गरिरहेको थिएँ, अहिले जिल्लाकै अस्पतालबाट सेवा पाएको छु, सेवाका कारण खर्च र समय दुवै बचेको छ, घरबाटै आउन जान सकिन्छ,' उनले भने, 'अस्पतालले प्रदान गरेको निःशुल्क डायलाइसिस सेवाले राहत मिलेको छ ।'

अस्पताल भवन र आवश्यक उपकरण थप भएमा अझै धेरै बिरामीको उपचार गर्न सकिने अस्पतालको भनाइ छ । पछिल्लो समय धौलागिरि प्रादेशिक अस्पतालमा मिर्गौला रोगीको संख्या बढ्न थालेको अस्पतालले जनाएको छ । एक वर्षअघिसम्म डायलाइसिसका लागि पालो कुर्नुपर्ने बिरामी शून्य रहे पनि अहिले धेरै बिरामी डायलाइसिस गराउन नाम टिपाउने गरेका छन् ।

अस्पतालले अधिकतम् ६० जनालाई नियमित सेवा दिइरहेको छ । जनशक्ति र भवन थप गर्न सकेमा अझै बिरामीको सेवा दिन सकिने अस्पतालका प्रमुख मेडिकल सुपरिटेण्डेण्ट डा. किरण तिवारीले जानकारी दिए ।

अस्पतालले गत वर्षमात्रै डायलाइसिस सेवा विस्तार गरे पनि अहिले बिरामीको संख्या बढेर विभिन्न अस्पतालमा डायलाइसिस गरेर २६ जनाले यस अस्पतालमा पालो पर्खिरहेका छन् । अस्पतालमा मिर्गौलाका बिरामीलाई निःशुल्क उपचार दिन २०७५ सालमा दुईवटा मेसिनबाट सुरु भएको डायलाइसिस सेवा विस्तार गरी हाल ११ मेसिन थपिएपछि मिर्गौला पीडितलाई राहत मिलेको हो । अहिले अस्पतालमा चार चरणमा ६० जना बिरामीले नियमित सेवा लिइराखेको अस्पतालले जानकारी दिएको छ ।

'गत वर्ष मिर्गौलारोगीको प्रतीक्षा शून्य थियो, तर रोगीको संख्या बढिरहेको छ, अस्पतालमा भौतिक संरचनाको अभाव छ भने उपकरण बढाएर ११ पुऱ्याउँदासमेत बिरामी थेग्न समस्या भइरहेको छ,' मेसु तिवारीले भने । डायलाइसिस कक्षमा मिर्गौलारोग विशेषज्ञको अभाव छ ।

तालिमप्राप्त स्टाफ नर्सको भरमा डायलाइसिस सेवा प्रदान गरिरहेको र आवश्यक पर्दा जनरल फिजिसियनले सहयोग गरिरहेको अस्पतालको भनाइ छ । अहिले आठ जना स्वास्थ्यकर्मी डायलाइसिस कक्षमा सेवा दिइरहेका छन् । अस्पतालमा बिरामीको संख्या बढ्न थालेपछि डायलाइसिस सेवाका लागि विशेषज्ञ चिकित्सक, उपकरण र भौतिक संरचनाको अभाव देखिन थालेको हो । *रासस*

# हिमपहिरोमा परेर सात जनाको मृत्यु, चार पर्यटक बेपत्ता



**दोलखा (प्रस)–** गौरीशंकर गाउँपालिका-९ स्थित गौरीशंकर तथा रोल्वालिङ हिमशृंखला आरोहणका लागि गएका पाँच जना विदेशी पर्यटक र दुई जना नेपाली पथ प्रदर्शकको हिमपहिरोमा परेर मृत्यु भएको छ । उनीहरू रोल्वालिङ क्षेत्रमा रहेको यलुङरी हिमालको आधारशिविर नजिकै सोमबार बिहान हिमपहिरोमा परेका थिए । जसमा सात जनाको मृत्यु भएको प्रहरीले पुष्टि गरेको हो ।

आरोहणका लागि गएका १५ विदेशीसहित स्वदेशी पथप्रदर्शकको समूह सोमबार बिहान ९:०० बजेतिर यलुङरी नजिकै हिमपहिरोमा परेको प्रहरी नायब उपरीक्षक ज्ञानकुमार महतोले जानकारी दिए । सोमबार साँझसम्म चार जना घाइतेको उद्धार गरिएको र अन्य चार जना विदेशी पर्यटकको अवस्था यकीन हुन नसकेको प्रहरीले जानकारी दिएको छ ।

सोमबार बिहानैदेखि उद्धारका लागि प्रशासनलाई आग्रह गरे पनि उद्धारमा ढिलाइ भएको वडाध्यक्ष निमगेली शेर्पाले बताए । हेलिकप्टर उडानका लागि रोल्वालिङ क्षेत्र प्रतिबन्धित भएकाले प्रशासनले अनुमतिमा ढिलाइ गर्दा थप समस्या भएको शेर्पाको भनाइ छ ।

हिमपहिरोमा परेकाको खोजीको प्रयास भइरहेको प्रहरीले जनाएको छ । सम्पर्कविहीनहरूको खोजी र उद्धारका लागि हेलिकाप्टर त्यसतर्फ पठाए पनि प्रतिकूल मौसमका कारण घटनास्थलमा पुग्न नसकेको प्रहरीको भनाइ छ । नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी घटनास्थलतर्फ गइरहेको पनि प्रहरीले जानकारी दिएको छ ।

## पहिरोमा पुरिएकी क्याटरिना फेला परिनन्

**गोरखा (प्रस)–** मनास्लु क्षेत्रमा गत शुक्रबार पहिरोमा पुरिएकी एक विदेशी महिला पर्यटक चार दिनसम्म भेटिएकी छैनन् । मनास्लु भ्रमणबाट फर्कंदै गर्दा गत शुक्रबार चुमनुब्री-३ न्याकफेदी नजिकै पहिरोमा पुरिएकी चेक रिपब्लिककी ५४ वर्षीया क्याटरिना रास्कोभा सोमबारसम्म फेला नपरेको जिल्ला प्रहरी कार्यालय गोरखाले जानकारी दिएको छ ।

नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीयवासीको संयुक्त टोलीले लगातार दुई दिनसम्म खोज्दा पनि फेला पार्न नसकिएको प्रहरी नायब उपरीक्षक राजकुमार श्रेष्ठले बताए ।

ठाउँठाउँमा झरेको पहिरोका कारण उद्धारकर्ता शुक्रबार र शनिबार घटनास्थलसम्म पुग्न सकेका थिएनन् । पहिरो पन्छाउँदै उक्त टोली आइतबार घटनास्थल पुगेको थियो । उनीसँगै पदयात्रामा गएका श्रीमान् र पथप्रदर्शकले भने भागेर ज्यान बचाएका थिए ।

# दासढुंगादेखि मुग्लिनसम्मको सडक सधैं पहिरोको जोखिममा

**चितवन–** नारायणगढ-मुग्लिन सडकखण्डको दासढुंगादेखि मुग्लिनसम्मको सडकखण्ड पहिरोका कारण सधैं जोखिमपूर्ण हुने गरेको छ । पानी पर्दा लेदोसहितको पहिरो र पानी नपर्दा सुक्खा पहिरो खस्ने गरेको छ ।

चीन सरकारको सहयोगमा निर्माण भएको यो सडक अहिले आधुनिकरूपमा विस्तार भए पनि, प्रकृतिको जोखिमबाट अझै सुरक्षित हुन सकेको छैन । सडक डिभिजन कार्यालय भरतपुरका सूचना अधिकारी कृष्णप्रसाद आचार्यका अनुसार नारायणगढ-मुग्लिन सडक २०३३ सालमा चीन सरकारको सहयोगमा निर्माण गरिएको हो । सुरुआती चरणमा यो सडक मिडियम लेनमा ५.५ मिटर चौडाइमा बनेको थियो ।

राजधानी काठमाडौं जाने प्रमुख मार्गको रूपमा विकसित यो सडकमा दैनिक हजारौं सवारीसाधन गुड्ने गर्दछन् । बढ्दो यातायातलाई मध्यनजर गर्दै २०७०/७१ सालदेखि सडकलाई 'डेडिकेटेड डबल लेन'मा विस्तार गर्ने कार्य सुरु गरी २०७५ मा विस्तार कार्य सम्पन्न गरिएको आचार्यले जानकारी दिए । यससँगै सडकमा रहेका १९ वटा पुललाई पनि डबल लेनमा रूपान्तरण गरिएको छ । पछिल्लो समय विश्व बैंकको ऋण सहयोगमा सडक विस्तार र पुल निर्माणको काम गरिएको हो ।

सूचना अधिकारी आचार्यका अनुसार दासढुंगादेखि मुग्लिनसम्मको भू-वनोट पहिरो जाने प्रकारको भएकाले यो सडकखण्ड जोखिमयुक्त मानिन्छ । अधिकांश स्थानमा भाँचिएको ढुंगा 'फचाक्चर्ड रक'का पहाड भएकाले पहिरोको जोखिम बढी रहेको छ । हरेक वर्ष सक्रिय पहिरोका स्थानहरू परिवर्तन हुँदै जाने गरेको उनले बताए ।

विगतका वर्षहरूमा मौरीखोला र सेती दोभानखोला क्षेत्रमा बढी समस्या हुने गरेको भए पनि हालका वर्षहरूमा तुइनखोला, कालीखोला र नाम्सीखोलामा पहिरोको जोखिम बढी रहेको आचार्यले बताए । उनका अनुसार यो वर्ष तुइनखोलामा १६० मिटर, नाम्सीखोलामा १५० मिटर र कालीखोलामा ५० मिटर पहिरोको उच्च जोखिमा रहेको छ ।

जोखिम न्यूनीकरणका लागि सडक डिभिजन कार्यालयले पहिरो हटाउने उपकरण तयारी अवस्थामा राखेको र नियमितरूपमा काम भइरहेको आचार्यले जानकारी दिए । पहिरो रोक्नका लागि योजना बनाएर विभागमा पठाइएको छ । उनका अनुसार आफूहरूले तयार पारेको योजना सहमतिका लागि विभाग पठाइएको र अध्ययनको क्रममा रहेको छ ।

डिभिजन सडक कार्यालय भरतपुरका प्रमुख नारायण लामिछानेका अनुसार यसअघि पहिरो खस्दा तुइनखोलामा पुलपट्टीको ढिस्को बाँकी रहेको थियो । सोही ढिस्कोको केही भाग हिजोआज खस्ने गरेको छ । पटक-पटक गरेर पहिरो खस्दा सडक जोखिमपूर्ण वनेको छ । गत महिना सो ठाउँमा पहिरो खस्दा लामो समय सडक अवरुद्ध भएको थियो । पहिरो नियन्त्रणका लागि योजना बनाइएको सो पहाडको धेरै भाग झरेपछि कार्यालयले सडक बिभागमा पहिरो नियन्त्रणका लागि पुनः लगत तयार गर्न फाइल पेस गरेको छ ।

लामिछानेका अनुसार यसअघि तुइनखोलासहित विभिन्न ठाउँमा पहिरो नियन्त्रणका लागि ३९ करोड रूपैयाँको लगत तयार गरी विभागमा पेस गरिएको थियो । पहिरो नियन्त्रण गर्नुपर्ने मुख्य पहाडको रूपमा रहेको तुइनखोला नजिकैको पहाडको स्वरूप पहिरोले परिवर्तन गरेपछि स्टिमेट पुनः गर्न लागिएको हो ।

उनका अनुसार यही हिउँदमा काम गर्नुपर्ने भएकाले विभागलाई यथाशक्य छिटो निर्णय प्रक्रियामा लैजान आग्रह गरिएको छ । यो सडकहुँदै राजधानी काठमाडौं र गण्डकी प्रदेशका विभिन्न जिल्लाहरू सवारीसाधन जाने आउने गर्दछन् । ती जिल्लाका लागि लाइफलाइनका रूपमा यो सडकलाई हेर्ने गरिन्छ ।

डिभिजन सडक कार्यालयले जोखिमपूर्ण ती क्षेत्रमा पहिरो रोकथामको काम गर्न गत वर्ष नै विभागमा प्रस्ताव गरेको भए पनि समयमा ध्यान नदिँदा यो बर्सात्मा यात्रुहरूले दुःख पाएका हुन् । *रासस*


**Government of Nepal (GoN)**

**Likhu Tamakoshi Rural Municipality**

**Dhobi Bazar, Ramechhap.**

**Letter of Intent (LOI)**

**Date of publication: 03-11-2025**

This is to notify (as per section 27(2) of Public Procurement Act 2063) to all concerned bidder's that, we are going to award following contracts to the following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

| S.N | Contract Identification No | Name of Project | Bid Amount, Excluding VAT & PS (Nrs) | Substantially Responsive Lowest Evaluated Bidders |
|---|---|---|---|---|
| 1 | LTRM/NCB/ WORKS/ 22/2081/082 | Construction of Dhobi Gumba (Bahubarsiya Yojana) | 2,24,25,028.06 | Shristi-Anshu JV Buddhanagar-10, Kathmandu |

**Chief Administrative Officer**

**Likhu Tamakoshi Rural Municipality**



**बागमती प्रदेश सरकार**

**भौतिक पूर्वाधार विकास मन्त्रालय**

**शहरी विकास तथा भवन कार्यालय, मकवानपुर**

**हेटौडा, मकवानपुर**

**बोलपत्र प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना**

***प्रकाशित मिति : २०८२/०७/१८ गते***

यस कार्यालयबाट मिति २०८२/०६/१२ मा eGP मार्फत आह्वान भएका बोलपत्रमा रितपूर्वक परेका प्रस्तावहरू मध्ये तपसिल उल्लेखित बोलपत्रदाताद्वारा पेश भएका बोलपत्र प्रस्ताव न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिएको हुँदा स्वीकृत गर्ने प्रावधान अनुरूप सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायी, ठेगाना | कबोल अङ्क |
|---|---|---|---|---|
| 1. | UDBO/MAK/ WORKS/ NCB/2082/ 83-01 | Maintainance works of various ministries of Bagamati Province at Chaukitole, Hetauda-01, Makawanpur | Satgun Nirman Sewa, Hetauda-04, Makawanpur | १,२८,२२,३०९.२०/- |

**कार्यालय प्रमुख**

# प्रभाव दैनिक





### 'जेरी अन टप'को कारोबार १० करोड नाघ्यो


अनमोल केसी अभिनित फिल्म 'जेरी अन टप'ले १० करोड बढीको व्यवसाय गर्न सफल भएको छ । फिल्मले प्रदर्शनको १६ दिनसम्म देशव्यापी १० करोड ५१ लाख ४८ हजार बढीको व्यववसाय गरेको चलचित्र विकास बोर्डको सोमबार सार्वजनिक गरेको बक्स अफिसमा उल्लेख छ । फिल्मले सोही अवधिसम्म ३ लाख ३३ हजार वटा टिकट बिक्री गरेको छ । बक्सअफिसमा कात्तिक १५ गतेसम्मको रिपोर्ट सार्वजनिक गरिएको हो । सुयोग गुरूङ निर्देशित हिमाल आरोहणको कथामा बनेको फिल्ममा अनमोलका अलवा आँचल शर्मा, जसिता गुरूङ, केदार घिमिरे र भुवन केसीको पनि मुख्य भूमिका छ ।





मंगलबार, १८ कात्तिक २०८२ (Tuesday, 04 November 2025)


# मण्डलामा थिएटरमा आजबाट 'मिलारेपा'




■ प्रभाव संवाददाता

**काठमाडौं–** थापागाउँस्थित मण्डला नाटकघरमा आज (मंगलबार)बाट 'मिलारेपा' नाटक मञ्चन हुँदै छ । ११औं शताब्दीका नामी बौद्ध धर्म गुरु मिलारेपाको जीवनकथामा आधारित नाटक सोमबारबाहेक हरेक दिन साँझ ५:३० बजेदेखि प्रदर्शन हुने आयोजकले जानकारी दिएको छ । शनिबार भने दिउँसो १ बजे पनि अतिरिक्त शो प्रस्तुत हुने छ ।

नाटकका परिकल्पनाकार तथा निर्देशक बुद्धि तामाङ र उमेश तामाङ हुन् । चाङ ङ्योन हेरुकले लेखेको कथालाई रविन तामाङले नाट्य रूपान्तरण गरेका हुन् । नाटक आगामी मंसिर २१ गतेसम्म मञ्चन हुने छ ।

यस नाटकमा रूपेश लामा, रमिला मोक्तान, विकास लामा, सानुमाया तामाङ, रस्मिला तामाङ, रिया लामा, विजय तामाङ ब्लोन, बल बहादुर राई, मिलन कार्की, मणिकुलुङ राई, रोहनी लामा, पुस्कर कार्की, विश्व स्याङ्बो, सविता थिङ, सुनिता तामाङ दोङ, सुदिप खतिवडा, विजय दुवा, रत्न मंगल, टसी लामा, अजय लामा, पवनकुमार गोले र सविता तामाङको अभिनय देख्न सकिन्छ ।

मण्डला थिएटरको प्रस्तुति रहेको नाटकको आइतबार सञ्चारकर्मीहरूका लागि विशेष शो गरिएको थियो । नाटक मर्मस्पर्शी र सन्देशमूलक पाइएको विशेष शोमा सहभागी सञ्चारकर्मीहरूले बताए ।

# 'रोल नं. १'लाई बाल कलाकारको खोजी

■ प्रभाव संवाददाता




**काठमाडौं–** बालमनोविज्ञानमा आधारित नेपाली कथानक चलचित्र 'रोल नं. १' को लागि निर्माणपक्षले बाल कलाकारको अडिसन आह्वान गरेको छ । सेभेन सिज सिनेमाको प्रस्तुति रहने यो चलचित्रका लागि निर्माण समूहले सामाजिक सञ्जालमार्फत विज्ञापन जारी गर्दै ७ देखि १२ वर्ष उमेर समूहका प्रतिभाशाली बालबालिकाहरूको खोजी गरिरहेको जनाएको छ ।

गत वर्ष नै यो चलचित्रको घोषणा गरिएको थियो । साथै, फर्स्टलुक पोस्टर पनि सार्वजनिक गरिएको थियो, जसमा कक्षाकोठाको लास्ट बेन्चमा बसेको एक बालकले हात उठाएर आफ्नो उपस्थितिको संकेत गरेको दृश्य देख्न सकिन्छ । पोस्टरले नै चलचित्र बालमनोविज्ञानसँग सम्बन्धित रहेको स्पष्ट संकेत गरेको थियो ।

निर्माणपक्षका अनुसार ७ देखि ८ वर्षका ३ जना केटा बाल कलाकार, ६ देखि ७ वर्षकी १ जना केटी बाल कलाकार र ११ देखि १२ वर्षका २ जना केटा बाल कलाकार आवश्यक छन् । बाल कलाकारहरूको रङ गहुँगोरो र उचाइ २.५ देखि ३ फिटसम्म हुनुपर्ने जनाइएको छ । इच्छुक बालबालिकाले सानो भिडियो क्लिप तयार गरी निर्माण पक्षलाई इमेलमा वा ह्वाट्सएपमा पठाउन सक्नेछन् ।

निर्माणपक्षले प्राप्त भिडियोहरूबाट शर्टलिस्ट भएका व्यक्तिहरूलाई फाइनल अडिसनका लागि सम्पर्क गर्ने बताएको छ ।

चलचित्रको कथा विद्यार्थीहरूमा देखिने सामाजिक दबाब, झूटो प्रतिष्ठा र 'जित्नैपर्ने' मानसिकताको प्रभाव वरिपरि केन्द्रित रहेको संकेत गरिएको छ ।

निर्माता विनोद पौडेलले केही समयअघि सामाजिक सञ्जालमा लेखेका थिए, 'सबैलाई नजिते, इज्जतै पाउँदैन रे । गन्तीमै आउँदैन रे। अरु सबै मुर्ख अरे एउटै विद्वान, रोल न. वान... रोल न. वान... रोल न. वान ।'

यस अभिव्यक्तिले चलचित्रले प्रतिस्पर्धात्मक समाजका कारण बालमस्तिष्कमा पर्ने दबाबलाई गहिराइपूर्वक प्रस्तुत गर्ने सम्भावना देखाउँछ ।

चलचित्रमा जोन योञ्जनको कथा तथा निर्देशन, महेश दवाडीको पटकथा र संवाद, र प्रशान्त शिवाकोटीको संगीत रहनेछ । निर्माणपक्षले कलाकारहरूको नाम भने हालसम्म सार्वजनिक गरेको छैन ।

सेभेन सिज सिनेमाको प्रस्तुति रहेको अर्के चलचित्र 'अभिमन्यु : च्याप्टर-१' प्रदर्शनको तयारीमा छ ।

# सकियो महेश र अस्मिताको 'सोलफुल युएसए यात्रा'

**काठमाडौं (प्रस)–** चर्चित सांगीतिक जोडी महेश काफ्ले र अस्मिता अधिकारीको 'सोलफुल युएसए म्युजिकल यात्रा' सफलतापूर्वक सम्पन्न भएको छ । यो जोडीले अमेरिकाको १५ भन्दा बढी शहरमा विभिन्न सांगीतिक कार्यक्रममा प्रस्तुति दिएका हुन् ।

'श्री ई इन्टरटेन्मेन्ट'ले महेश र अस्मिताको जोडिलाई फिचर्ड गर्दै आयोजना गरेको 'सोलफुल म्युजिकल यात्रा' करिब साढे २ महिना भन्दा बढी अमेरिकाको भर्जिनिया, टेक्सस, फ्लोरिडा, नर्थ क्यारोलाइना, पेन्सिलभेनिया, मेरिल्यान्ड लगायतका राज्यमा आयोजना गरिएको थियो ।



भर्जिनियाको एसबर्नमा आयोजित दसैं तिहार फेस्टिभल र टेक्ससको ड्यालसमा आयोजित म:म फेस्टिभलमा महेश र अस्मिताको युगल जोडीलाई हेर्न १५००० भन्दा बढीको संख्यामा दर्शक उपस्थित भएको आयोजक ३ इ इन्टरटेनमेन्टका तर्फबाट सुरेश सापकोटाले जानकारी दिए । 'सोलफुल युएसए म्युजिकल यात्रा' सफलतापूर्वक सम्पन्न भएको र दर्शकहरूले महेश र अस्मिताको जोडीलाई निकै रुचाएको आयोजकले बताए ।

परदेशमा रहेका नेपालीसँग तिज दसैं तिहार जस्तो महत्वपूर्ण नेपाली चाड सँगै मनाउँदै प्रस्तुति दिन रमाइलो भएको अस्मिता र महेशले बताए ।



**झापा महिला गोल्डकप**

# पुलिसको जितमा मिनाको पाँच गोल




■ प्रभाव संवाददाता

**इलाम–** झापा महिला गोल्डकपको उद्घाटन खेलमा विभागीय टोली नेपाल पुलिस क्लब फराकिलो जित दर्ता गर्दै सेमिफाइनल प्रवेश गरेको छ । चर्च ब्वाइज युनाइटेडलाई ८-० को फराकिलो गोल अन्तरले हराउँदै पुलिस सेमिफाइनलमा पुगेको हो । पुलिसका तर्फबाट मिना देउवाले ५ गोल र रेखा पौडेलले ह्याट्रिक पूरा गरिन् ।

रेखाले खेलको ३७औं, ८०औं र दोस्रो हाफको इन्ज्युरी समयमा गोल गरिन् । त्यस्तै, मिनाले खेलको ५१औं, ६०औं, ६२औं, ६८औं र ८१औं मिनेटमा गोल गरिन् ।

३७औं मिनेटमा पुलिसले खेलमा खाता खोल्न सफल भयो । मिनाको क्रसमा रेखाले सुन्दर फिनिस गरिन् । दोस्रो हाफको सुरुआती समयदेखि चर्चविरुद्ध दबाब बनाएको पुलिसले ५१औं मिनेटमा मिनाको गोलमा अग्रता दोब्बर बनाउन सफल भयो ।

५९औं मिनेटमा मिनाले सुन्दर फिनिस गर्दै व्यक्तिगत दोस्रो तथा टोलीको तेस्रो गोल गरिन् । उनले सम्झना लावतीको पासलाई गोलमा परिणत गरिन् । त्यसको पाँच मिनेट बित्न नपाउँदै मिनाले अर्को गोल थप्दै आफ्नो ह्याट्रिक पूरा गरिन् ।

पुलिसको लंगभली क्रसलाई चर्चकी गोलकिपर करुणाले राम्रो कलेक्ट गर्न नसक्दा मिनाले त्यसको फाइदा उठाउँदै टोलीलाई ४-० गोलको अग्रता दिलाउन सफल भइन् । ६८औं मिनेटमा रेखाको क्रसमा मिनाले आफ्नो चौथो गोल गरिन् ।

८०औं मिनेटमा रेखाले ३० यार्डको लामो दूरीबाट गरेको सटले सिधै चर्चको जाली चुम्न पुग्यो । त्यसको तीन मिनेट बित्न नपाउँदै मिनाले टोलीका लागि सातौं तथा व्यक्तिगत पाँचौं गोल पूरा गरिन् ।

खेलको अन्तिम समयमा रेखाले गोल गर्दै आफ्नो ह्याट्रिक पूरा गर्दा टोलीलाई ८-० गोलको फराकिलो अन्तरको जित सुरक्षित गराइन् । खेलको प्लेयर अफ द म्याच पुलिसकी मिना भइन् ।

उनले नगद १५ हजार र ट्रफी पाइन् । मंगलबार दोस्रो क्वार्टरफाइनल खेल एपीएफ फुटबल क्लब र सिंग्लिङ स्पोर्टिङ क्लब सिक्किमबीच हुनेछ । दुधे रंगशालामा जारी प्रतियोगिताको फाइनल खेल कात्तिक २४ गते हुनेछ ।

# राष्ट्रिय लिग पुस ९ गतेबाट

■ प्रभाव संवाददाता

**काठमाडौं –** अखिल नेपाल फुटबल संघ (एन्फा) ले आगामी पुस ९ गते देखि राष्ट्रिय लिग आयोजना गर्ने भएको छ । सातदोबाटोस्थित एन्फा मुख्यालयमा सोमबार एन्फा र क्लबबीच सम्पन्न बैठकबाट आगामी राष्ट्रिय लिग गर्ने सहमती जुटेको हो ।

असोज ६ गते एन्फाले परिमार्जित क्यालेन्डर सार्वजनिक गर्दै 'ए' डिभजिन लिग पुस ९ देखि असार २६ सम्म हुने जानकारी गराएको थियो । एन्फाले देशका विभिन्न जिल्लामा १४ मैदान प्रयोग गरेर 'होम एन्ड अवे'का आधारमा लिग आयोजना गर्ने प्रस्ताव अघि सारेको थियो । तर, असोज २४ गते एन्फाले पत्रकार सम्मेलनमार्फत 'होम एन्ड अवे' लिग तत्कालका लागि सम्भव नभएको निश्कर्ष निकाल्दै शीर्ष डिभिजन लिग नभए राष्ट्रिय लिगको विकल्पका रूपमा रहेको बताएको थियो ।



सोमबार बसेको एन्फा र क्लब बसेको बैठकले अर्को वर्षको पुष ३ गते सहिद स्मारक 'ए' डिभिजन लिग गर्ने सहमति पनि जुटाएको छ ।

राष्ट्रिय लिगमा पछिल्लो सहिद स्मारक 'ए' डिभिजन लिगका शीर्ष ६ तथा बुधबार देखि सुरु हुने एन्फा प्रेसिडेन्ट लिगका शीर्ष चार गरी १० टोलीले राष्ट्रिय लिगमा प्रतिस्पर्धा गर्नेछन् । राष्ट्रिय लिग च्याम्पियनले एएफसी क्लब च्याम्पियनसिप खेल्ने छ ।

पछिल्लो संस्करणको लिगमा चर्च ब्वाइज युनाइटेड, मछिन्द्र फुटबल क्लब, नेपाल पुलिस क्लब, जावलाखेल युथ क्लब, सातदोबाटो युथ क्लब र न्युरोट टिम (एनअराटी) शीर्ष ६ मा रहेका छन् ।

लिगमा सहभागी टोलीले मंसिर ५ गते टिम तथा ९ गते खेलाडी दर्ता गर्नुपर्नेछ । यसैगरी लिगको खेल तालिका मंसिर १९ मा सार्वजनिक हुनेछ ।

# भारत बन्यो महिला क्रिकेटको विश्वविजेता

**काठमाडौं (प्रस)–** महिला क्रिकेटमा छिमेकी मुलुक भारत पहिलोपटक च्याम्पियन बनेको छ । दीप्ती शर्मा र शफाली वर्माको बलियो अलराउन्ड प्रदर्शनमा भारतले फाइनल खेलमा दक्षिण अफ्रिकालाई ५२ रनले पराजित गर्दै पहिलोपटक विश्वविजेता बनेको हो ।

अन्तर्राष्ट्रिय क्रिकेटका दुबै फर्म्याट (एकदिवसीय र ट्वान्टी-२०)मा भारतीय महिला टोलीको यो पहिलो विश्वकप उपाधि हो । भारतले यसअघि सन् २०१७ मा एकदिवसीय र २०२० मा ट्वान्टी-२० फाइनलमा पराजय बेहोरेको थियो । त्यस्तै २०१८ र २०२३ को ट्वान्टी-२० विश्वकपमा टोली सेमिफाइनलमै रोकिएको थियो । अन्ततः लामो प्रतीक्षापछि भारतले विश्वकपको सपनालाई साकार पारेको हो ।

दक्षिण अफ्रिकाले टस जितेर बलिङ रोजेपछि ब्याटिङमा उत्रिएको भारतले राम्रो सुरुआत गरेको थियो । स्मृति मन्धाना र शेफाली वर्माको ओपनिङ जोडीले १०४ रनको साझेदारी गरे ।

शेफाली (७८ बलमा ८७ रन) र दिप्ती शर्माको अर्धशतक (५८ बलमा ५८ रन)को मद्दतमा भारतले निर्धारित ५० ओभरमा ७ विकेट गुमाउँदै २९८ रनको बलियो योगफल बनायो ।

रिचा घोषले पनि २४ बलमा ३४ रनको झट्का दिने इनिङ्स खेलिन् । जवाफमा दक्षिण अफ्रिकाको सुरुआत सुस्त रह्यो। ओपनर लौरा भोल्फार्टले कप्तानका रूपमा सानदार प्रदर्शन गर्दै ९८ बलमा १०१ रन प्रहार गरिन् । तर, उनी आउट भएपछि टोली धराशायी भयो ।

दिप्ती शर्माको उत्कृष्ट बलिङमा दक्षिण अफ्रिका ४५.३ ओभरमा २४६ रनमै अलआउट भयो ।



आइतबार अर्जेन्टिनाको जुजुय प्रान्तको तुम्बायामा 'डे अफ द डेड' समारोहको पुनर्अभिनय अनुष्ठानअघि पुजारीको रुपमा तस्बिर खिचाउँदै ओस्कर रामोस । *तस्बिरः एपी*

# पाकिस्तानले आणविक हतियार परीक्षण गरेको ट्रम्पको खुलासा



**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पाकिस्तान सक्रियरूपमा आणविक हतियार परीक्षण गर्ने राष्ट्रहरूको सूचीमा परिरहेको खुलासा गरेका छन् । उनले यो विषयलाई अन्य शक्तिशाली राष्ट्रहरूबीचको व्यापक प्रतिस्पर्धात्मक ढाँचाको रूपमा प्रस्तुत गर्दै अमेरिकाले पनि आफ्ना आणविक परीक्षणहरू पुनः सुरु गर्नु अपरिहार्य भएको बताए ।

सिबिएस न्युजको '६० मिनेट्स' कार्यक्रममा आइतबार प्रसारण गरिएको अन्तर्वार्तामा ट्रम्पले रुस, चीन, उत्तर कोरिया र पाकिस्तानलगायतका देशहरूले निरन्तर आणविक परीक्षण गरिरहेको दाबी गरे । उनका अनुसार अमेरिकामात्रै यस्तो राष्ट्र बनेको छ जसले परीक्षण नगर्ने नीतिलाई निरन्तरता दिएको छ ।

'रुसले परीक्षण गर्छ, चीनले पनि गर्छ, तर उनीहरूले त्यसबारे बोल्दैनन् । हामी भने खुला समाज हौं, हामी फरक छौं । हामीले यसबारे जनतालाई जानकारी दिनैपर्छ, किनभने पत्रकारहरूले यो विषयमा रिपोर्ट गर्छन् । अन्य देशमा त पत्रकारहरूले यसबारे लेख्न पनि पाउँदैनन्,' उनले भने, 'हामी पनि परीक्षण गर्न जाँदै छौं, किनभने अन्य सबै राष्ट्रहरूले गरिरहेका छन् । निश्चितरूपमा उत्तर कोरियाले गरिरहेको छ र पाकिस्तानले पनि परीक्षण गरिरहेको छ ।'

रुसले हालै पोसाइडन अण्डरवाटर ड्रोनसहित उन्नत आणविक क्षमतायुक्त प्रणालीको परीक्षण गरेपछि ३० वर्षभन्दा बढी समयपछि अमेरिका पुनः परीक्षणको तयारीमा रहेको प्रश्नमा उनले उक्त टिप्पणी गरेका हुन् । ट्रम्पले भने, 'रुसले परीक्षण गर्ने घोषणा गरिसक्यो । उत्तर कोरिया निरन्तर परीक्षण गर्दै छ । अन्य देशहरूले पनि गरिरहेका छन् । परीक्षण नगर्ने एकमात्र देश हामी हौं र म यस्तो स्थिति रहोस् भन्ने चाहन्न ।'

उनले अमेरिकासँग विश्वका सबैभन्दा बढी आणविक हतियार रहेको दाबी गर्दै रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र चिनियाँ राष्ट्रपति सी चिनफिङसँग निःशस्त्रीकरणबारे छलफल गरेको बताए ।

ट्रम्पका शब्दमा, 'हामीसँग विश्वलाई १५० पटक नष्ट गर्न सक्ने जति हतियारहरू छन् । रुससँग पनि धेरै छन् र चीनले तीव्ररूपमा वृद्धि गरिरहेको छ । उनीहरूसँग अहिले कम भए पनि चाँडै धेरै हुने छ ।'

यसअघि बिहीबार उनले रुसको हालैको उन्नत आणविक प्रणालीको परीक्षणलाई औंल्याउँदै अमेरिकाले तत्काल आणविक हतियार परीक्षण पुनः सुरु गर्ने घोषणा गरेका थिए । यसले दुई आणविक शक्तिहरूबीचको तनाव पुनः चर्किने संकेत दिएको छ ।

एयर फोर्स वानमा प्रस्थान गर्नुअघि पत्रकारहरूसँग कुरा गर्दै ट्रम्पले भने, 'आणविक निःशस्त्रीकरण ठूलो कुरा हो, तर जब अरूले परीक्षण गर्छन्, हामीले पनि त्यसको जवाफ दिनैपर्छ । हामीसँग अरू सबैभन्दा धेरै आणविक हतियार छन्, तर हामीमात्र परीक्षण नगर्ने राष्ट्र बन्नु उचित हुँदैन ।'

उनले परीक्षणका लागि तयारी भइसकेको तर समय र स्थान खुलाउन नमिल्ने जानकारी दिए । विश्वव्यापी आणविक परिदृश्य अझ अस्थिर हुनसक्ने चिन्ताबारे सोधिएको प्रश्नमा उनले जवाफ दिए, 'मलाई लाग्छ हामीले यसलाई राम्रोसँग नियन्त्रणमा राखेका छौं ।'

यसैबीच, रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले अमेरिकासँगको सन् २००० मा हस्ताक्षर गरिएको 'प्लुटोनियम डिस्पोजल सम्झौता' औपचारिकरूपमा समाप्त गर्ने कानुनमा हस्ताक्षर गरेका छन् । उक्त सम्झौताले दुवै राष्ट्रलाई सैन्य प्रयोजनका लागि आवश्यक नभएको ३४ टन हतियार-ग्रेड प्लुटोनियम नष्ट गर्न बाध्य बनाएको थियो । *रासस/एएनआई*

# फिलिपिन्समा आँधी 'कलमेगी'को प्रकोप, हजारौं नागरिक विस्थापित




**मनिला–** फिलिपिन्सको पूर्वी र मध्य भागमा आएको शक्तिशाली आँधी 'कलमेगी' का कारण सोमबारदेखि १०औं हजार नागरिकलाई सुरक्षित स्थानतर्फ सारिएको छ ।

प्रशान्त महासागरबाट तीव्र गतिमा अघि बढिरहेको यस टाइफुनका कारण तटीय क्षेत्रका माछा मार्ने कार्य रोकिएका छन् भने साथै अधिकारीहरूले भारी वर्षा र तीन मिटर (झण्डै १० फिट) उचाइका घातक ज्वारभाटा आउन सक्ने चेतावनी दिएका छन् ।

फिलिपिन्स मौसम विभागका अनुसार स्थानीयरूपमा 'टिनो' भनिने 'कलमेगी' सोमबार बिहान पूर्वी समर प्रान्तको गुइआन सहरबाट करिब २३५ किलोमिटर पूर्वमा थियो । यसले १२० किलोमिटर प्रतिघण्टा स्थायी र १५० किलोमिटर प्रतिघण्टासम्मका तीव्र हावा बहाइरहेको बताइएको छ । आँधी सोमबार साँझतिर फिलिपिन्सको तटीय क्षेत्रमा प्रवेश गर्ने र त्यसपछि मंगलबार पश्चिमतर्फ सर्दै सेबूलगायतका केन्द्रीय टापु प्रान्तहरूमा असर पुऱ्याउने अनुमान गरिएको छ । यी क्षेत्रमा गत सेप्टेम्बर ३० मा आएको ६.९ म्याग्निच्युडको भूकम्पले ठूला क्षति पुऱ्याएको थियो । भूकम्पमा परी कम्तीमा ७९ जनाको निधन भएको र हजारौं नागरिक अझै विस्थापित रहेका छन् ।

पूर्वी समरका गभर्नर आरभी एवार्डोनले सेना, प्रहरी, अग्नि नियन्त्रक र विपद् निवारण टोलीहरूको सहकार्यमा अनिवार्य निकासी आदेश जारी गरेका छन् । उनका अनुसार गुयुआन, मर्सिडिज र साल्सेडोका तटीय सहरका ७० हजारभन्दा बढी नागरिकलाई सुरक्षित निकासी केन्द्रहरू, बलियो कन्क्रीट घर वा सामुदायिक भवनहरूमा सारिएको छ । गभर्नर एवार्डोनले तीन मिटर अग्लो ज्वारभाटा आउन सक्ने चेतावनी दिँदै स्थानीय बासिन्दालाई सतर्क रहन अनुरोध गरेका छन् ।

स्मरणीय छ, सन् २०१३ नोभेम्बरमा रेकर्डकै शक्तिशाली टाइफुन 'हाइयान' (फिलिपिन्स नाम 'योलाण्डा') ले यही गुइआन सहरमा पहिलोपटक जमिन छोएको थियो । सो आँधीले मध्य फिलिपिन्समा करिब सात हजार ३०० जनाको मृत्यु वा बेपत्ता गराएको थियो । हजारौं गाउँ पूर्णरूपमा ध्वस्त भएका थिए र जहाजहरूसमेत भित्री भूभागसम्म बगाइएका थिए । 'हाइयान' ले करिब १० लाख घर नष्ट पार्दै ४० लाखभन्दा बढी मानिस विस्थापित पारेको थियो ।

गभर्नर एवार्डोनले भने, 'योलाण्डाको भयावह अनुभवका कारण यसपटक कसैले पनि निकासीको आदेशको विरोध गरेका छैनन् । नागरिकहरूलाई माफ माग्नुभन्दा सुरक्षित रहनु राम्रो हो भन्ने कुरा राम्ररी थाहा छ । त्यसबेलाको सडकमा शवहरू छरिएको दृश्य अहिले पनि उनीहरूको सम्झनामा ताजा छ ।'

अधिकारीहरूले पूर्वी समर नजिकका अन्य टापु प्रान्तहरूबाट पनि हजारौं गाउँलेलाई सुरक्षित ठाउँमा सारिएको जनाएका छन् । तटरक्षक, सेना र विपद्-प्रतिक्रिया निकायहरू उच्च सतर्कतामा रहेका छन् ।

फिलिपिन्स विश्वका सबैभन्दा विपद्-संवेदनशील देशहरूमध्ये एक मानिन्छ । प्रत्येक वर्ष औसतमा २० वटा टाइफुन वा आँधीबेहरी यसको भूमि र जनजीवनमा प्रभाव पार्ने गर्छन् । भूकम्प र सक्रिय ज्वालामुखीहरूको उपस्थितिले यो देशलाई अझ जोखिमयुक्त बनाएको छ । यसपटकको टाइफुन 'कलमेगी'ले पुनः एकपटक फिलिपिन्सका नागरिकलाई विपद् व्यवस्थापन र तयारीमा सजग रहन बाध्य पारेको छ । *रासस/एपी*


## मोटरसाइकल हराएको सूचना

मिति २०८२।०७।१३ गते काठमाडौं, वडा नं.१४ कलंकी एडभान्स कलेज जाने चक्रपथ सर्भिस रोडबाट रातो/कालो रङ्गको **220 cc** को **Pulsar** मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**धनीको नाम : कमल थापा**
**बाइक नं.: बा.प्र.०२, ०४६ प ५७५१**
**च्यासिस नं.: MDIAI3EXXNCM 83599**
**इन्जिन नं. : DKXCNM 37878**
**सम्पर्क नं. ९८५१३५२०१३**

## प्रमाणपत्र हरायो

मिति २०८२/०६/०८ गते काठमाडौं, बूढानीलकण्ठ-११, सूर्योदय टोलदेखि भृकुटी चोक जाने क्रममा मेरो निम्न व्यहोरा भएको **CTEVT बाट जारी भएको सर्टिफिकेट, माईग्रेसन सर्टिफिकेट र एकेडेमिक ट्रान्स्क्रिप्ट तथा Nepal Nursing Council बाट जारी भएको सर्टिफिकेट अफ रजिस्ट्रेशन** हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय तथा मेरो निम्न मोबाईल नम्बरमा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : रजनि गौतम**
**CTEVT रजिस्ट्रेशन नं.: SN-02562-020**
**सिम्बोल नं.: ०१००४४६०**
**NNC रजिस्ट्रेशन नं.: ८०३४४**
**ठेगाना : हेटौडा वडा नं.५, मकवानपुर**
**सम्पर्क: ९८५१०७८१३२**

## साउदीमा रोजगार

कम्पनी : RAMLA GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८२/०७/१७ | LT. No. 333113 | चलानी नं. ६०२४६७६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker, Loading & Unloading | 1 | 0 | 1000 | ३७,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कात्तिक २५ गते (11th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम ईजाजत नं. ३८४/०५९/०६०

## कतारमा रोजगार

कम्पनी : ZANJABEEL CAFETERIA WLL

पूर्व स्वीकृति मिति : २०८२/०७/१६ | LT. No. 333075 | चलानी नं. ६०२४६७४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 3 | 0 | 1500 | ५८,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kabab Maker | 2 | 0 | 1500 | ५८,३७० | | | | | | | |
| 3 | Chef (Cook) | 1 | 0 | 1800 | ७०,०४५ | | | | | | | |
| 4 | Coffee Maker | 2 | 0 | 1500 | ५८,३७० | | | | | | | |
| 5 | Asian Cook | 3 | 0 | 1800 | ७०,०४५ | | | | | | | |
| 6 | Sandwish Maker | 4 | 0 | 1500 | ५८,३७० | | | | | | | |
| 7 | Waiter(Male) | 9 | 0 | 1500 | ५८,३७० | | | | | | | |
| 8 | Juice Maker (Fresh Juice) | 7 | 0 | 1500 | ५८,३७० | | | | | | | |
| 9 | Helpercarpenter | 2 | 0 | 1300 | ५०,५८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कात्तिक २५ गते (11th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम ईजाजत नं. १४२३/०७४/७५


# अफगानिस्तानमा शक्तिशाली भूकम्प

## २० जनाको मृत्यु, ३०० भन्दा बढी घाइते



**अफगानिस्तान–** उत्तरी अफगानिस्तानमा आएको ६.३ म्याग्निच्युडको शक्तिशाली भूकम्पमा कम्तीमा परी २० जनाको मृत्यु भएको अधिकारीहरूले सोमबार बताएका छन् ।

अमेरिकी भूगर्भीय सर्वेक्षणका अनुसार अफगानिस्तानको मजार-ए-सरिफ सहर नजिकै २८ किलोमिटर गहिराइमा उक्त भूकम्प गएको थियो । स्वास्थ्य मन्त्रालयका प्रवक्ता सराफत जमानले घटनाको पुष्टि गर्दै भूकम्पका कारण बल्ख र समंगान प्रान्तमा ३२० जना घाइते भएको बताएका छन् ।

अफगानिस्तानको उत्तरी सहर मजार-ए-सरिफका बासिन्दाहरू आफ्ना घरहरू भूकम्पले ढल्ने डरले सडकमा उत्रिएको एएफपीले जनाएको छ । प्रभावित क्षेत्रदेखि करिब ४२० किलोमिटर टाढाको राजधानी काबुलका संवाददाताहरूले पनि कम्पन महसुस गरेको बताएका छन् ।

पहाडी अफगानिस्तानमा कमजोर सञ्चार सञ्जाल र पूर्वाधारले उद्धार प्रक्रियामा बाधा पुऱ्याएकाले अधिकारीहरूलाई प्रभावित क्षेत्रमा पुग्न असहज भएको जनाइएको छ । यो तालिबान सरकारका लागि पछिल्लो प्राकृतिक प्रकोप हो, जसले सन् २०२१ मा अफगानिस्तान कब्जा गरेदेखि तीनवटा ठूला घातक भूकम्पहरूको सामना गरेको छ ।

अगस्टमा देशको पूर्वमा ६.० म्याग्निच्युडको भूकम्पले पाहाडी गाउँहरू नष्ट गर्नुका साथै दुई हजार २०० भन्दा बढीको ज्यान लिएको थियो । सन् २०२३ मा इरानी सीमा नजिकैको पश्चिमी हेरात र सन् २०२२ मा पूर्वी नंगरहार प्रान्तमा ठूलो भूकम्पले सयौंको ज्यान लिनुका साथै हजारौं घरहरू ध्वस्त पारेको थियो ।

संयुक्त राष्ट्रसंघ र सहायता एजेन्सीहरूले अफगानीस्तानमा भोकमरी बढिरहेको चेतावनी दिएका छन् । अफगानिस्तान खडेरी, बैंकिङ क्षेत्रमा आर्थिक प्रतिबन्ध र छिमेकी इरान र पाकिस्तानबाट लाखौं अफगान नागरिकहरू निरन्तर स्वदेश फर्केका कारणले मानवीय संकटबाट ग्रस्त भएको जनाइएको छ । *रासस/एएफपी*


## सर्केगाड गाउँपालिका
### गाउँकार्यपालिकाको कार्यालय
सर्केगाड, हुम्ला

### वोलपत्र स्वीकृत गरिएको आशयको सूचना

**सूचना प्रकाशित मिति: २०८२/०७/१८**

यस कार्यालयबाट मिसन टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना वमोजिम यस कार्यालयको तपशील वमोजिमका निर्माण कार्यहरुको विधुतिय खरिद प्रक्रिया बाट आह्वान गरिएको वोलपत्र सम्बन्धमा रित पूर्वक दर्ता हुन आएका वोलपत्रहरुको मूल्यांकन गर्दा तपशीलका वोलपत्र फारमहरु न्यूनतम मूल्यांकित र सारभूत रुपमा प्रभावग्राही भएको हुनाले सार्वजनिक खरिद ऐन, २०६३ (संशोधित २०७५) को दफा २७ को उपदफा २ बमोजिम वोलपत्र स्वीकृत गरिएको आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**तपशिलः**

| सि.नं. | ठेक्का नं. | वोलपत्र स्वीकृत गरिएको फर्मको नाम र ठेगाना | कबोल अंक/ मुल्याङ्कित अंक (भ्याट र पि एस बाहेक) | कै. |
|---|---|---|---|---|
| १ | SRM/HUMLA/WORKS/NCB-06/2082/083 | सुस्मिता निर्माण सेवा ठेहे, ५ हुम्ला | ७५,३७,१४७।१५ (पचहत्तर लाख सैतिस हजार एक सय सतचालिस रुपैयाँ पन्ध्र पैसा मात्र ) | |
| २ | SRM/HUMLA/WORKS/NCB-05/2082/083 | उत्कृष्टी निर्माण सेवा सिमकोट, ५ हुम्ला | ३६,०६,३१८।४०(छत्तिस लाख छ हजार तिन सय अठार रुपैयाँ चालिस पैसा मात्र) | |
| ३ | SRM/HUMLA/WORKS/NCB-04/2082/083 | अल्फा बिल्डर्स एण्ड डेभलपर्स प्रा.लि. सर्केगाड, ४ हुम्ला | ६५,०१,७६५।४१(पैसट्ठी लाख एक हजार सात सय पैसट्ठी रुपैयाँ एकचालिस पैसा मात्र) | |

**नि.प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २३९७०० | प्रति तोला – ० | प्रति तोला – ३०६० |

अर्थमन्त्री खनाल-कोरियाली राजदूत भेट

## कोरियाका लगानीकर्तालाई नेपालमा लगानी गर्न सहजीकरण



■ प्रभाव संवाददाता

**काठमाडौं –** अर्थमन्त्री रामेश्वरप्रसाद खनालसँग नेपालका लागि कोरिया गणतन्त्रका राजदूत पार्क ते यङले शिष्टाचार भेट गरेका छन् । अर्थ मन्त्रालयमा सोमबार भएको उक्त भेटमा अर्थमन्त्री खनालले कोरिया र नेपालबीच रहेको दुईपक्षीय कूटनीतिक सम्बन्धको चर्चा गर्दै कोरिया सरकारले प्रदान गर्दै आएको निरन्तर सहयोगका लागि धन्यवाद व्यक्त गरे ।

साथै कोरियाको सहयोगमा सञ्चालन भएका आयोजना तथा कार्यक्रमहरूको अवस्था सन्तोषजनक रहेको उल्लेख गर्दै अर्थमन्त्री खनालले कोरियासँगको आर्थिक साझेदारीलाई निरन्तरता दिइने बताए ।

सोअवसरमा राजदूत पार्कले कोरिया सरकारको एजेन्सी कोइका र नेपाल सरकारबीचको द्विपक्षीय सम्बन्ध स्थापनाको ३० वर्ष पुगेको स्मरण गर्दै आगामी दिनमा थप समन्वय र सहकार्यका आशा व्यक्त गरे ।

साथै कोरियन लगानीकर्तालाई नेपालमा लगानीको लागि प्रोत्साहित गर्न र नेपाली उत्पादनहरूको प्रवर्द्धनका लागि आवश्यक सहजीकरण गरिने बताए । साथै, नेपाली कामदारहरूलाई कोरिया रोजगारीका लागि लैजान सहज होस भनेर कोरिया सरकारले छुट्टै भिसा सेन्टर स्थापना गर्न लागेको विषय समेत जानकारी गराए ।

त्यसैगरी उनले इपिएस प्रणालीअन्तर्गत रोजगारीका लागि कोरिया गई फर्किएका नेपाली नागरिकहरूको उद्यमशिलता प्रवर्द्धनका लागि नयाँ व्यवसाय सञ्चालन गर्न कोइकाको सहयोगमा कृषि विकास बैंकमार्फत सहुलियत पूर्ण कर्जा उपलब्ध गराउनका लागि प्रक्रिया अगाडि बढाइएको र सोका लागि आवश्यक सहजीकरण गर्नसमेत अनुरोध गरेको अर्थमन्त्रीको सचिवालयले जनाएको छ ।

## वीरगञ्जबाट भित्रिए आठ अर्ब ७० करोडका सवारीसाधन

■ प्रभाव संवाददाता

**वीरगञ्ज–** वीरगञ्ज नाका हुँदै चालु आर्थिक वर्षको तीन महिनामा रु आठ अर्ब ७० करोड मूल्य पर्ने विभिन्न थरिका सवारीसाधन भित्रिएका छन् । वीरगञ्ज भन्सार कार्यालयका अनुसार चालु आवको तीन महिनामा सवारीसाधनको आयातबाट रु सात अर्ब ७७ करोड राजस्व संकलन भएको छ ।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले चालु आवको तीन महिनामा सवारीसाधनको आयात र सोबाट प्राप्त हुने राजस्व दुवैमा वृद्धि भएको जानकारी दिए ।

जबकी गत आवको तीन महिनामा भने रु छ अर्ब १९ करोड मूल्य पर्ने विभिन्न थरिका सवारीसाधन आयात भएका थिए । गत आवको तीन महिनामा सवारीसाधनको आयातबाट पाँच अर्ब ९५ करोड राजस्व संकलन भएको थियो ।

▸▸ चालु आवको तीन महिनामा वीरगञ्ज नाका हुँदै रु ६८ करोड ५ लाख मूल्य पर्ने दुई सय २९ वटा विद्युतीय जीप, कार र भ्यान आयात भएका छन् । ती विद्युतीय जीप, कार र भ्यान आयातबाट ४५ अर्ब ७२ लाख राजस्व संकलन भएको छ ।

चालु आवको तीन महिनामा रु तीन अर्ब ४१ करोड मूल्य पर्ने २४ हजार नौ सय ३९ वटा अनएसेम्वल्ड मोटरसाइकल आयात भएको छ। ती अनएसेम्वल्ड मोटरसाइकलको आयातबाट तीन अर्ब २८ करोड राजस्व संकलन भएको छ ।

त्यस्तै गत आवको तीन महिनाको अवधिमा भने रु दुई अर्ब ४९ करोड मूल्य पर्ने १९ हजार चार सय ८९ अनएसेम्वल्ड मोटरसाइकल आयात भएको थियो । चालु आवको तीन महिनामा रु ६२ करोड २४ लाख मूल्य पर्ने तीन सय ३० जीप, कार र भ्यानको आयात भएको छ ।

ती सवारीसाधनको आयातबाट रु एक अर्ब ७५ करोड राजस्व संकलन भएको छ । गत आवको तीन महिनाको अवधिमा भने रु ७६ करोड ५८ लाख मूल्य पर्ने चार सय ३२ जीप, कार र भ्यानको आयात भएको थियो । सो आवमा ती सवारीसाधनको आयातबाट भने रु एक अर्ब ९६ करोड राजस्व संकलन भएको थियो ।

चालु आवको तीन महिनामा वीरगञ्ज नाका हुँदै रु ६८ करोड ५ लाख मूल्य पर्ने दुई सय २९ वटा विद्युतीय जीप, कार र भ्यान आयात भएका छन् । ती विद्युतीय जीप, कार र भ्यान आयातबाट ४५ अर्ब ७२ लाख राजस्व संकलन भएको छ ।

गत आवको तीन महिनाको अवधिमा भने वीरगञ्ज नाका हुँदै रु १४ करोड ४९ लाख मूल्य पर्ने ९७ वटा विद्युतीय जीप, कार र भ्यान आयात भएको थियो । सो अवधिमा विद्युतीय सवारीसाधनआयातबाट रु नौ करोड ११ लाख मात्रै राजस्व संकलन भएको थियो ।

## सामान्य अंकले घट्यो नेप्से परिसूचक

■ प्रभाव संवाददाता





**काठमाडौं–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अंकको गिरावट देखिएको छ । सोमबार नेप्से परिसूचक आठ दशमलव २४ अंकले घटेर दुई हजार ६२२ दशमलव ८९ को विन्दुमा कायम भएको हो ।

३३३ कम्पनीको एक करोड २१ लाख ८५ हजार ३८८ कित्ता सेयर ५४ हजार ८९२ पटक खरिदबिक्री हुँदा रु छ अर्ब पाँच करोड २२ लाख २६ हजार ९०३ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

कारोबारमा विकास बैंक समूह एक दशमलव ११, होटल तथा पर्यटन शून्य दशमलव ०१, उत्पादन तथा प्रशोधन शून्य दशमलव २५, म्युचुअल फन्ड शून्य दशमलव २९, व्यापार शून्य दशमलव ९३ र अन्य समूह शून्य दशमलव ४२ प्रतिशतले बढेको छभने अरु सबै समूहको उपसूचक घटेको छ ।

बैंकिङ शून्य दशमलव २२, वित्त शून्य दशमलव १२, जलविद्युत् एक दशमलव ०५, लगानी शून्य दशमलव ७०, जीवन बिमा एक दशमलव ०५, लघुवित्त शून्य दशमलव ६३ र निर्जीवन बिमा शून्य दशमलव ०१ प्रतिशतले घटेको छ ।

मुक्तिनाथ कृषि कम्पनी लिमिटेडको सेयर मूल्य सबैभन्दा धेरै नौ दशमलव ९९ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने इस्टर्न हाइड्रोपावर लिमिटेडको सेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकम र कारोबार भएका सेयर संख्याका आधारमा सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको ३७ करोड ६८ लाख २४ हजार ४९४ बराबरको छ लाख १९ हजार ११४ कित्ता सेयर कारोबार भएको छ ।

## हाइटेक टनेलमा च्याउखेती गरी आम्दानी

**कञ्चनपुर–** शुक्लाफाँटा नगरपालिका-६ कसरौलका २९ वर्षीय वीरबहादुर रानाले आधुनिक प्रविधिबाट च्याउखेती गरेर गाउँमै आत्मनिर्भर किसानको उदाहरण प्रस्तुत गरेका छन् ।

अठार महिने कृषि (जेटिए) अध्ययन गरेका रानाले हाइटेक टनेलमा मौसमी र बेमौसमी च्याउ उत्पादन गर्दै वार्षिक रु १५ लाखभन्दा बढीको च्याउ बिक्री गर्छन् । खर्च कटाएर उनले वर्षमा झण्डै रु १० लाख नाफा कमाउने गरेका छन् ।

रानाले चिसो मौसममा कन्या र गर्मीमा मिल्की च्याउको खेती गर्छन् । मिल्की च्याउ डल्ला राखेको १५ दिनमा र कन्या च्याउ २० देखि २५ दिनमा तयार हुने उनको भनाइ छ । पिँकी च्याउको पनि उत्पादन गरे पनि बजार अभावका कारण हाल त्यो खेती स्थगित गरिएको रानाले बताए ।

महेन्द्रनगर र झलारी बजारमा बेमौसमी कन्या च्याउको थोक मूल्य प्रतिकिलो रु ३५० र मौसमी समयमा रु १०० मा बिक्री गरेको छभने मिल्की च्याउ प्रतिकिलो रु ४०० मा बिक्री हुने गरेको छ । माग बढेसँगै उनले बाह्य बजारमा पनि च्याउको आपूर्ति गर्दै आएका छन् ।

विवाह, भोजभतेर र चाडपर्वमा च्याउको माग बढी हुने गरेको छ । हाल उनले मोटरसाइकलमार्फत माग आएका ठाउँमा च्याउ ढुवानी गर्दै आएका छन् ।



विसं २०७७ मा जेटिए अध्ययनका क्रममा विद्यालयमा पढेको ज्ञानलाई व्यवहारमा उतार्दै उनले घरकै गोठको एक कुनामा पहिलोपटक च्याउखेती गर्न सुरु गरेका थिए । घरमा उपलब्ध भाँडाकुँडामै पराल उमालेर, खटियामा सुकाएर २५ वटा परालका डल्ला बनाएर बीउ राख्दा राम्रो उत्पादन भएपछि उनले यसलाई व्यावसायिक रूपमा विस्तार गरे ।

पहिलो सफलतापछि उनले बाँसको झुपडीमा ५०० परालका डल्ला राखेर मौसमी च्याउखेती सुरु गरे । बजारमा सहज बिक्री भएपछि व्यवसाय विस्तारको हौसला मिलेको उनले सम्झिए । हाल रानासँग च्याउखेतीका लागि फलामका छवटा हाइटेक टनेल रहेका छन् । छवटै टनेलमा निरन्तर बाह्रै महिना च्याउ उत्पादन भइरहेको छ । पराल काट्न, उमाल्न र सुकाउन आधुनिक मेसिनको प्रयोग हुने गरेको छ । केही उपकरण र टनेल अनुदानमा प्राप्त भए पनि धेरैजसो उपकरण उनले आफ्नै आम्दानीबाट खरिद गरेका छन् ।

आधुनिक प्रविधिको प्रयोगले समय, जनशक्ति र खर्च तीनैमा बचत हुने उनको भनाइ छ । च्याउ उत्पादनमा उनका श्रीमतीसहित घर परिवारका सदस्यले साथ दिने गरेका छन् । कामको चाप अधिक भएका बेला कामदारलाई ज्यालादारीमा राखेर काम लिने गरेका छन् ।

'बिक्री नभएको च्याउ सुकाएर दोब्बर मूल्यमा बेच्न सकिन्छ', उनले भने, 'त्यसका लागि अहिले आधुनिक इलेक्ट्रोनिक ड्रायर खरिद गर्ने योजना बनाएको छु ।' हाल उनको च्याउ उत्पादनमा झण्डै रु २० लाख बराबरको लगानी रहेको छ । भविष्यमा लगानी बढाएर डल्ले च्याउको उत्पादन सुरु गर्ने तयारीमा उनी छन् ।

रानाले च्याउखेतीमा गुणस्तरीय बीउको प्रयोग अत्यावश्यक रहेको बताए । 'बीउ राम्रो भए उत्पादन बढी हुन्छ, कमसल बीउ भए फसल पनि कमजोर हुन्छ', उनले भने, 'त्यसैले बीउ उत्पादकहरूले गुणस्तरमा ध्यान दिनुपर्छ ।'

च्याउमा पनि अन्य बालीजस्तै रोगब्याधि लाग्ने भएकाले समयमै उपचार आवश्यक हुने रानाको भनाइ छ । उनले विद्यालयमा सिकेको कृषि ज्ञानले नै आजको सफलताको बाटो देखाएको बताए । 'च्याउखेतीलाई अझै विस्तार गर्न आधुनिक तालिम र प्रविधिको आवश्यकता छ', उनले भने, 'कृषिसम्बन्धी निकायले त्यसमा चासो देखाउनुपर्छ ।'

हालसम्म आफ्नै प्रयासमा च्याउखेती विस्तार गर्दै आएका राना अन्य युवाका लागि पनि प्रेरणाको स्रोत बनेका छन् । गाउँमा बस्दै आधुनिक प्रविधिबाट सफल हुन सकिन्छ भन्ने सन्देश उनको सफलताले दिएको छ । *रासस*


**समयमै बसाइसराइ दर्ता गरौं**

**बसाइ सरेर जाँदा चाहिने कागजातहरू**

- लगत हस्तान्तरण फाराम,
- बसाइसराइ गरेर जाने सूचकको नागरिकताको प्रमाणपत्र,
- १६ वर्ष मुनिका बालबालिकाको हकमा जन्म दर्ताको प्रमाणपत्र र १६ वर्षभन्दा माथिका हकमा नागरिकता र नागरिकता नभएमा जन्मदर्ता प्रमाणपत्र,
- बसाइसराइ गर्नेको सबै प्रकारका व्यक्तिगत घटनाको दर्ता प्रमाणपत्र,
- बाबु बेपत्ता वा ठेगान थाहा नभएको भए सोसम्बन्धी प्रहरी प्रतिवेदन ।

**बसाइ सरेर आउँदा चाहिने कागजातहरू:**

- लगत हस्तान्तरण फाराम,
- सूचकको नागरिकता ।

**सम्बन्धित स्थानीय तहमा ३५ दिनभित्र बसाइ सराइको दर्ता गरौं ।**

**नेपाल सरकार विज्ञापन बोर्ड**



अब मात्र एक क्लिकमा...

www.prabhabonline.com

facebook www.facebook.com/Prabhab Online

प्रभाव दैनिक


**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण:** एक्प्रेस कलर प्रेस, **कार्यालय:** काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि:** marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक:** कृष्ण कार्की, **सम्पादक:** विष्णु तामाङ